# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३३७ | काठमाडौं | सोमबार, २३ चैत २०८२ | Prabhab National Daily | Monday, 06 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन निषेध गर्ने निर्णय फिर्ता लिन माग

- सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यममा मात्रै प्रकाशन/प्रसारण गर्ने निर्णय संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, उदारवादी अर्थ नीति र संघीयताको मर्मविपरीत रहेको ठहर
- सरकारको यो निर्णयले विधिको शासनभन्दा पनि निर्देशमुखी शासनको संकेत दिने सोसाइटीको दाबी
- विज्ञापन वितरण प्रणालीलाई पारदर्शी बनाउन जरूरी रहेको तर सरोकारवालासँग परामर्श नगरी हचुवाका भरमा आएको यो परिपत्रले समस्या समाधानभन्दा बल्झाउने भनाइ

NEPAL MEDIA SOCIETY
AN UMBRELLA ORGANISATION OF NEPAL'S MAINSTREAM MEDIA HOUSES.

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल मिडिया सोसाइटीले सरकारी सूचना तथा विज्ञापन निजी सञ्चारमाध्यममा निषेध गर्ने सरकारको निर्णयप्रति आपत्ति जनाएको छ । सोसाइटीका अध्यक्ष मदन लम्सालले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै उक्त निर्णयको परिपत्र तत्काल फिर्ता लिन सरकारलाई आग्रह गरेका छन् ।

प्रधानमन्त्री कार्यालयले बुधबार एक परिपत्र जारी गर्दै तीन तहकै सरकारी सूचना तथा विज्ञापन सरकारी सञ्चारमाध्यम (गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजन) मा मात्रै प्रकाशन/प्रसारण गर्न निर्देशन दिएको थियो । निजी क्षेत्रका सञ्चारमाध्यमलाई सरकारी विज्ञापन निषेध गर्ने यो निर्णय संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, उदारवादी अर्थ नीति र संघीयताको मर्मविपरीत रहेको भन्दै सोसाइटीले सरकारको उक्त निर्णयप्रति गम्भीर असहमति रहेको प्रस्ट पारेको छ ।

'यो केवल विज्ञापन वितरणको विषयमात्र होइन, यो प्रेस स्वतन्त्रता, संविधानको मर्म र नागरिकको सूचना पाउने अधिकारसँग प्रत्यक्ष जोडिएको गम्भीर प्रश्न हो,' सोसाइटीको भनाइ छ, 'कानुनी दृष्टिले पनि यो कदम विवादरहित छैन ।'

सोसाइटीका अनुसार सार्वजनिक खरिद ऐन, वित्तीय ऐन र वैदेशिक रोजगार ऐनलगायतका कानुनहरूले मिडियालाई प्रकाशन, प्रसारण र विज्ञापनसम्बन्धी अधिकार सुरक्षित गरेका छन् । तर, सरकारी निर्णयले ती अधिकारलाई व्यवहारतः निष्प्रभावी बनाउने जोखिम देखिएको छ ।

क्रमशः पृष्ठ २ मा

## सभामुख अर्यालले सम्हाले पदभार



**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख डोलप्रसाद अर्यालले पदभार सम्हालेका छन् । आइतबार राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएलगत्तै उनले सिहंदरबारस्थित संसद् सचिवालयमा पुगेर पदभार सम्हालेका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति अर्याल निर्विरोध सभामुखमा निर्वाचित भएका हुन् । प्रतिनिधिसभाको आइतबारको बैठकमा ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अर्याललाई सभामुख पदमा निर्विरोध निर्वाचित भएको घोषणा गरेका थिए । सभामुख पदमा अन्य दलका तर्फबाट उम्मेदवारी नपरेपछि अर्याल निर्विरोध निर्वाचित भएका हुन् ।

पदभार ग्रहण गरेपछि सभामुख अर्यालले आगामी दिनमा जेन-जी युवाले आन्दोलन गर्न नपर्ने गरी कानुन, नीति र नियम बनाउन आफूले ध्यान दिने बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

# पश्चिम एसिया युद्धको प्रभाव
# घरको चुलोदेखि सिंहदरबारसम्म

## इन्धन खपत घटाउन आजदेखि हप्तामा दुई दिन सार्वजनिक बिदा

■ **जेबी योञ्जन**

**काठमाडौं–** पश्चिम एसियामा चर्किएको युद्धको प्रभाव नेपालमा गहिरिँदै गएको छ । सार्वजनिक प्रशासनदेखि जनताको भान्सासम्मै असर देखिन थालेको हो ।

यहीबीच सरकारले पेट्रोलियम पदार्थको आपूर्तिमा देखिएको असहजतालाई मध्यनजर गर्दै हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले शनिबार र आइतबार बिदा दिने र बाँकी दिन सरकारी कार्यालयको समय बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कायम गर्ने निर्णय गरेको हो ।

आपूर्ति अस्थिर हुँदा इन्धन बचत गर्ने उद्देश्यले यस्तो कदम चालिएको सरकारका प्रवक्तासमेत रहेका शिक्षामन्त्री सस्मित पोखरेलले बताए । उनका अनुसार यो निर्णय आजदेखि लागू हुने छ । इजरायल र अमेरिकाले इरानमा संयुक्त आक्रमण गरेपछि सुरु भएको युद्धले तेल उत्पादन र ढुवानी प्रणालीमै जोखिम सिर्जना गरेको छ । विशेषगरी स्ट्रेट अफ हर्मुजजस्तो महत्त्वपूर्ण समुद्री मार्गमा इरानको अवरोधले विश्वबजारमै कच्चा तेलको मूल्य आकासिएको छ । यसको प्रत्यक्ष असर नेपालजस्तो आयातमुखी अर्थतन्त्रमा परेको सरकारले जनाएको छ ।

नेपाल आयल निगमले युद्धपछि तीनपटक पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । पछिल्लोपटक शुक्रबार निमगले पेट्रोलियम पदार्थको भाउ बढाएको थियो । निगमका अनुसार पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर १५ रूपैयाँका दरले मूल्यवृद्धि भएको छ । मूल्य समायोजनसँगै तेस्रो वर्गअन्तर्गतको काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रूपैयाँ पुगेको छ ।



> आपूर्ति अस्थिर हुँदा इन्धन बचत गर्ने उद्देश्यले शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरिएको हो । यो निर्णय सोमबार (आज) देखि लागू हुने छ ।
>
> ■ **सस्मित पोखरेल**
> सरकारका प्रवक्ता एवं शिक्षामन्त्री



> अन्य देशमा पनि इन्धन खपत कम गर्न सार्वजनिक बिदा दिने चलन छ । नभए अर्को विकल्प सवारी चलाउँदा जोर बिजोर प्रणाली लागू गर्ने पनि गरिन्छ र बिदाको निर्णय भयो ।
>
> ■ **चण्डिकाप्रसाद भट्ट**
> कार्यकारी निर्देशक
> नेपाल आयल निगम



> पश्चिम एसियामा जारी युद्धले नेपालको रेमिट्यान्स आयमा ठूलो धक्का पुऱ्याउन सक्छ । रेमिट्यान्स घटेमा विदेशी मुद्रा सञ्चिति, बैंकिङ तरलता र समग्र अर्थतन्त्रमा दबाब पर्ने निश्चित छ ।
>
> ■ **डा. चन्द्रमणि अधिकारी**
> अर्थविद्

यसअघि १८७ रूपैयाँ थियो । डिजेल १८२ प्रतिलिटर पुगेको छ । त्यसअघि १६७ रूपैयाँ प्रतिलिटर थियो ।

आयल निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले पेट्रोलियम पदार्थको खपत कम गर्न जोर बिजोर प्रणाली र सार्वजनिक बिदा बढाउने विकल्पमध्ये एउटा निर्णय लिन सरकारलाई सुझाएको र सोहीअनुसार बिदा बढाउने निर्णय भएको बताए । उनले भने, 'अन्य देशमा पनि इन्धन खपत कम गर्न सार्वजनिक बिदा दिने चलन छ । नभए अर्को विकल्प सवारी चलाउँदा जोर बिजोर प्रणाली लागू गर्ने पनि गरिन्छ र बिदाको निर्णय भयो ।'

कोभिडकालमा सवारीसाधन सञ्चालनमा जोर बिजोर प्रणाली लागू गरिएको थियो । तर, प्रभावकारी भएन । त्यसबेला सरकारको त्यस्तो कदमप्रति आलोचना बढेको थियो । यसपटक भने सरकारले सार्वजनिक बिदा आइतबार पनि दिने निर्णय गरेको हो ।

निगमका अनुसार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य उल्लेख्यरूपमा बढिसकेको छ । त्यसको असरस्वरूप पेट्रोल, डिजेल र ग्यासको मूल्य नेपालमा तीनपटक बढेको छ । खाना पकाउने एलपी ग्यासको त अभाव भइसकेको छ । ग्यास अभावले उपभोक्ता हैरान छन् । कतिपय ठाउँमा सिलिण्डर पाउन लाइन बस्नुपर्ने अवस्था छ भने कालोबजारीसमेत बढेको गुनासो छ । वाणिज्य विभागले यसअघि अनुगमनसमेत गरेको छ र केही उद्योगीहरूलाई अनुचित लाभ लिएर बेच्न भण्डारण गरेको आरोपमा जरिवाना तिराइसकेको छ । तर, पनि बजारमा आपूर्ति सहज बनेको छैन जसले सर्वसाधारणको दैनिक जीवन थप कष्टकर बनेको छ ।

इन्धनको मूल्य बढ्दा ढुवानी खर्च पनि बढेको छ । यसको प्रभाव खाद्यान्न, तरकारी, दाल, तेललगायतका अत्यावश्यक वस्तुको मूल्यमा देखिएको छ । अर्थविद् डा. चन्द्रमणि अधिकारीका अनुसार बजारमा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि हुँदा आम उपभोक्ताको क्रयशक्ति घट्दै गएको छ ।

कच्चा तेलको मूल्यवृद्धि हुँदा त्यसले सम्पूर्ण आपूर्ति शृंखलामा असर पार्छ । उत्पादनदेखि ढुवानीसम्म लागत बढ्ने हुँदा अन्ततः उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने उनले बताए । यसबाहेक युद्धकै कारण पश्चिम एसियाका खाडी मुलुकहरूमा रहेका झण्डै १७ लाख नेपालीको रोजगारी र सुरक्षामा जोखिम बढेको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार हजारौं नेपाली स्वदेश फर्कन इच्छुक देखिएका छन् । यही २०, २१ र २२ चैतमा (३, ४ र ५ अप्रिल)मा दुबईलगायत विभिन्न ठाउँबाट स्वदेश फर्किन चाहेका नेपालीको उद्धार सरकारले विशेष उडान अभियानअन्तर्गत गरेको छ । गन्तव्य मुलुक जान चाहनेहरूलाई पनि गन्तव्यसम्म पुऱ्याइएको जनाएको छ ।

अर्थविद् डा. अधिकारी पश्चिम एसियामा जारी युद्धले नेपालको रेमिटचान्स आयमा ठूलो धक्का पुऱ्याउन सक्ने सम्भावना रहेको बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# व्यवसायीको अडान– १० हजार लिएर श्रमिक पठाउन सकिँदैन



> हामीलाई राज्यले कानुनसम्मत काम गर्न नदिए वैदेशिक रोजगार व्यवसाय बन्द हुनसक्छ । सरकारले १० हजारमा पठाऊ भन्दा हामीले पठाउँदैनौं भन्न त पाइयो नि ?
>
> ■ **महेशकुमार बस्नेत**
> महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका



> अहिलेको निर्णय मान्दा व्यवसाय गर्नसक्ने अवस्था छैन, नमान्दा कानुनी कठघरामा जाने निश्चित छ । सरकारले न्यायिक र व्यावहारिक निर्णय गऱ्यो भने अक्षरशः पालना गर्छौं ।
>
> ■ **डिकबहादुर खत्री**
> वरिष्ठ उपाध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च

■ **ममता थापा**

**काठमाडौं–** 'फ्रि भिसा, फ्रि टिकट'को प्रावधान लागू भएका मुलुकमा कामदार पठाउँदा १० हजार रूपैयाँभन्दा बढी सेवा शुल्क लिए कारबाही गर्ने सरकारको तयारीप्रति वैदेशिक रोजगार व्यवसायीहरूले असन्तुष्टि जनाएका छन् । उनीहरूले १० हजार रूपैयाँमात्र लिएर श्रमिक पठाउन नसकिने बताएका छन् । विगतदेखि नै सेवा शुल्कको रकम बढाउनुपर्ने माग गर्दै आएका व्यवसायीहरूले सरकारको निर्णयमा पुनर्विचार आवश्यक रहेकोमा जोड दिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साहले शनिबार भिडियो सन्देश जारी गर्दै श्रमिकबाट १० हजार रूपैयाँभन्दा बढी रकम लिएको पाइए कारबाही गर्ने चेतावनी दिएका थिए । कुनै पनि व्यवसायीले सोभन्दा बढी रकम मागे तुरुन्त मन्त्रालयमा जानकारी गराउनसमेत उनले भनेका छन् । श्रममन्त्रीको यस्तो निर्देशन आएसँगै व्यवसायीहरूले निर्णय पुनर्विचार गर्न माग गरेका हुन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले सरकार आफैंले लाखौं लिएर कामदार पठाइरहँदा व्यवसायीले १० हजार रूपैयाँमा काम गर्न नसक्ने बताए । नीतिगत सुधार गर्न आएको सरकारले अव्यावहारिक प्रावधानलाई कार्यान्वयन गराउन खोज्नु उपयुक्त नहुने उनको भनाइ छ । 'हामीलाई १० हजारमा पठाऊ भन्दै गर्दा सरकारलेचाहिँ किन दुई लाख लिएर पठाइरहेको त ? नीतिगत सुधार गर्न आएको सरकारले पुराना अव्यावहारिक नीतिमा टेकेर लोकप्रिय हुनु राम्रो होइन,'

क्रमशः पृष्ठ २ मा

### श्रमविद् नेपाल भन्छन्–
## व्यवसायीको मर्का पनि हेर्नुपर्छ



श्रमविद् रामेश्वर नेपाल सरकारले श्रमिकमैत्री नीतिलाई कार्यान्वयन गर्न खोज्नु स्वागतयोग्य भए पनि व्यवसायीमाथि कडाइ गरेरमात्र यसको कार्यान्वयन नहुने बताएका छन् । उनीहरूले के-के कारणले फ्रि भिसा, फ्रि टिकटमा पठाउन सकिरहेका छैनन् त्यसको पहिचान गर्नुपर्ने उनको सुझाव छ ।

'श्रममन्त्रीले भन्दैमा आजै कार्यान्वयन गर्न सकिने देखिँदैन,' उनले भने, 'व्यवसायीका समस्या के-के छन् बसेर सल्लाह गरौं । व्यवसायीले भिसा ट्रेडिङ गर्छन् नै । त्यहाँको व्यवसायीले फ्रिमा दिइरहेको छैन । उनीहरूको पनि मर्का हेर्नुपर्छ ।'

रोजगारदाताले श्रमिकको लागत खर्च व्यहोर्ने विषय गन्तव्य मुलुकसँगको श्रम सम्झौतामै भएकाले यसलाई कार्यान्वयन गराउन सरकारले गन्तव्य मुलुकसँग कूटनीतिक संवाद गर्नुपर्ने उनको सुझाव छ ।

क्रमशः पृष्ठ २ मा


## एजेन्सी तथा विज्ञापनदाताहरूमा रकम भुक्तानी गरी दिनु हुन अत्यन्त जरूरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**सँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूमा विज्ञापन प्रकाशन गरे वापत हालसम्मको **बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही मिति २०८२ चैत्र ३० गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन यो **सार्वजनिक सूचना** प्रकाशित गरिएको छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा हिसाब मिलान नगरिएमा यस प्रभाव राष्ट्रिय दैनिकको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराउँदै आइरहेको छुट सुविधा समेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनीहरूका सञ्चालकको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानुन वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं, नेपाल
फोनः ९७७–१–४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
E-mail : marketing2prabhab@gmail.com

**पृष्ठ १ बाट क्रमशः**

## पश्चिम एसिया...

उनका अनुसार नेपालमा भित्रिने कूल रेमिटयान्सको करिब ४० प्रतिशतभन्दा बढी हिस्सा खाडी मुलुकले ओगट्छ। रेमिटयान्स घटेमा विदेशी मुद्रा सञ्चिति, बैंकिङ तरलता र समग्र अर्थतन्त्रमा दबाब पर्ने निश्चित छ। युद्धका कारण प्राकृतिक ग्यास आपूर्ति प्रभावित हुँदा रासायनिक मल उत्पादनमा समस्या आएको छ। नेपालमा मल अभाव हुन सक्ने भन्दै चिन्ता प्रकट हुन थालेको छ। चैते धान रोपिरहेको र अब मल लगाउने बेला हुन लाग्दा मल संकट देखिए त्यसले कृषि उत्पादनमा असर पार्ने र खाद्य सुरक्षामा चुनौती थप्ने सम्भावना बढाउन सक्छ।

यस्तै, प्लास्टिकजन्य कच्चापदार्थको अभावले उद्योगहरू प्रभावित भएका छन्। पाइप, बोतल, जार उत्पादन गर्ने उद्योगहरूमा संकट देखिन थालेको छ। कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेका छन्। यसले रोजगारी गुम्ने जोखिम बढाएको छ। उद्योग क्षेत्र प्रभावित हुँदा आर्थिक गतिविधि सुस्ताउने खतरा पनि बढेको छ।

■■■

## निजी...

यसले विधिको शासनभन्दा पनि निर्देशमुखी शासनको संकेत दिने सोसाइटीको दाबी छ। 'सरकारले केही वर्षयता शिक्षा, बिमा, स्वास्थ्य, मदिरालगायत विभिन्न क्षेत्रहरूको विज्ञापन खर्चमा कडाइ गरेकोले पनि मिडिया उद्योगलाई आघात पुगिरहेकै थियो। अहिले सचिवस्तरीय निर्णय भनी प्रधानमन्त्री कार्यालयबाट जारी यो परिपत्र सार्वजनिक खरिद ऐन २०६३ (संशोधन २०८२/०४/१४) को दफा १४ को बर्खिलापमात्रै छैन संविधानको धारा १९ मा सञ्चारको हकसम्बन्धी व्यवस्थालाई पनि अनदेखा गरेको छ,' सोसाइटीले भनेको छ।

प्रधानमन्त्री कार्यालयको परिपत्र कार्यान्वयनमा आउन सुरु भइसकेकोले यसबाट हजारौं पत्रकार, सञ्चारकर्मी तथा कर्मचारी बेरोजगार हुनेतर्फ सरकारको ध्यानाकर्षण गराइएको छ। 'नेपालका आमसञ्चार माध्यमलाई जीवन्त बनाइराख्न अत्यावश्यक भएको बेला सरकारको यो कदमले राज्यको चौथो अंगमाथि गरिएको प्रहारको रूपमा हामीले लिएका छौं। यस्तो प्रवृत्तिले दीर्घकालमा खुला समाजभन्दा नियन्त्रणमुखी संरचनातर्फ लैजाने खतरा बन्छ,' सोसाइटीका अध्यक्ष लम्सालले भने।

'अर्को महत्त्वपूर्ण पक्ष भनेको मिडिया इकोसिस्टम हो। विज्ञापन एजेन्सीहरू यस प्रणालीको अभिन्न हिस्सा हुन्। उनीहरूको भूमिका हटाएर सरकारी विज्ञापन सोझै वितरण गर्ने निर्णयले बजार संरचनालाई असन्तुलित बनाउँछ,' सोसाइटीको भनाइ छ।

विज्ञापन वितरण प्रणालीलाई पारदर्शी बनाउन जरुरी रहेको तर सरोकारवालासँग परामर्श नगरी हचुवाका भरमा आएको यो परिपत्रले समस्या समाधानभन्दा बल्झाउने काम गर्ने अध्यक्ष लम्सालले बताए। 'निजी क्षेत्रका सञ्चारमाध्यमलाई सरकारी विज्ञापन निषेध गर्ने यो निर्णय संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, उदारवादी अर्थ नीति र संघीयताको मर्मविपरीत छ। तसर्थ आपत्तिजनक यो परिपत्र तत्काल फिर्ता लिन माग गर्दछौं,' मिडिया सोसाइटीको विज्ञप्तिमा छ।

■■■

## सभामुख...

उनले धेरै जनाको ज्यान जाने र भौतिक क्षति हुनेगरी भएको जेन-जी आन्दोलनपछिको निर्वाचनबाट आफूहरू नेतृत्वमा आएकाले आगामी दिनमा त्यस्तो घटना नहोस् भन्नेतर्फ ध्यान दिने बताए। सभामुख अर्यालले आन्दोलनमा ध्वस्त भएका संरचना बनाउन नयाँ कानुन आवश्यक नपर्ने र आवश्यक परे नयाँ कानुन बनाएर छिटो संरचना बनाउनेगरी काम गर्नुपर्नेमा जोड दिए। उनले संसद्को गरिमा, मर्यादा र प्रभावकारिता कायम राख्दै निष्पक्ष, सन्तुलित र उत्तरदायी ढंगले भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे।

सभामुख अर्यालले सबै राजनीतिक दल तथा सांसदहरूसँग सहकार्य र समन्वय गरी संसद्लाई प्रभावकारी, उत्तरदायी र जनमुखी संस्थाका रूपमा स्थापित गरिने बताए। गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनी काठमाडौं क्षेत्र नं ९ बाट निर्वाचित भएका थिए। अर्यालले यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीको जिम्मेवारी सम्हालिसकेका छन्।

■■■

## व्यवसायीको...

महासचिव बस्नेतले भने, 'हामीलाई राज्यले कानुनसम्मत काम गर्न नदिए वैदेशिक रोजगार व्यवसाय बन्द हुनसक्छ। सरकारले १० हजारमा पठा भन्दा हामीले पठाउँदैनौं भन्न त पाइयो नि ?' संघले यस विषयमा श्रममन्त्रीसँग मंगलबार थप छलफल हुने जानकारी दिएको छ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्रीले पनि सरकारको निर्णयले कार्यान्वयन गर्न सकिने खालको नभएको बताए। हालसम्म रोजगारदाता कम्पनीको नीतिको कारणले श्रमिकहरू फ्रि-भिसामा गएको उनले स्पष्ट पारे। 'अहिले न्यायिक भर्ना प्रक्रियामा सात प्रतिशतमात्र श्रमिक जान्छन्। यो सरकारको कानुनले होइन त्यहाँका रोजगारदाताको आन्तरिक भर्ना नीतिको कारणले सम्भव भएको हो,' उनले भने, 'सरकारको अहिलेको निर्णय मान्दा व्यवसाय गर्नसक्ने अवस्था छैन, नमान्दा कानुनी कठघरामा जाने निश्चित छ। सरकारले न्यायिक र व्यावहारिक निर्णय गर्‍यो भने व्यवसायी अक्षरशः पालना गर्ने पक्षमै हुनुहुन्छ।'

सरकारको नीतिमा १० हजार रूपैयाँ सेवा शुल्कको प्रावधान रहेसम्म व्यवसायीलाई रोजगारदाताले १० हजारमात्र दिने हुँदा व्यवसाय सञ्चालन गर्न नसकिने खत्रीको भनाइ छ। रोजगारदाताले सबै खर्च व्यहोरेको अवस्थामा कामदारले पाउने एक महिनाको तलब बराबरको सेवा शुल्क नै न्यायिक हुने उनले बताए। 'रोजगारदाताले स्रोत मुलुकको नियम पालना गर्नुपर्छ। नैतिक भर्ना प्रक्रियामा स्रोत मुलुकको नियम पालना गर्दा उताको रोजगारदाताले हामीलाई दिने पनि १० हजार नै हो,' उनले भने, 'यसले हाम्रो आन्तरिक कार्यालय सञ्चालन, वैदेशिक रोजगार प्रवर्दनका लागि विदेश जानुपर्नेजस्ता खर्च धान्दैन। प्रतिस्पर्धी मुलुकको अभ्यास र न्यायिक हिसाबले पनि श्रमिकले पाउने एक महिनाको तलबबराबर सेवा शुल्क हामीले माग्दै आएका छौं।'

२०७२ सालमा तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङले असार २१ गते प्रमुख सात गन्तव्य मुलुक साउदी अरब, कतार, मलेसिया, संयुक्त अबर इमिरेट्स, ओमान, बहराइन र कुवेत जाने कामदारको भिसा र टिकटको रकम रोजगारदाताले नै व्यहोर्नुपर्ने निर्णय गरेका थिए। उक्त निर्णयबाट म्यानपावर कम्पनीले १० हजार रूपैयाँमात्र सेवा शुल्क लिन पाउने भनिएको थियो। तर त्यसताका तीन महिनाको परिक्षणपछि प्रतिवेदन तयार पारेर सोहीअनुसार अघि बढ्ने भनिए पनि व्यवसायीले त्यतिबेलादेखि नै कार्यान्वयन गर्न नसकिने भन्दै आएको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले बताए।

'यो सम्भव देख्दैनौं। सरकारले २०७२ को निर्णयलाई कार्यान्वयन गर्न खोजेको हो। त्यसबेला तीन महिनामा प्रतिवेदन बुझेर त्यही अनुसार अगाडि जाने भनेर गरिएको निर्णय थियो। तर तीन महिना सकियो,' उनले भने, 'प्रतिवेदन पेस गर्न कुनै समिति पनि बनाइएन। यसको वैधानिकता छैन। व्यवसायीले कार्यान्वयन गर्न नसकेपछि सरकारलाई त्यो भन्दा बढी लिएर पठाएका छौं भनेर खुलारूपमा भनेको अवस्था छ।'

■■■

## व्यवसायीको...

'साउदी अरब, कतार, युएईलगायतका मुलुकका नीतिहरू सार्वजनिक छन्। तीनमा कुनै पनि देशका कामदार आउँदा हामीले खर्च व्यहोर्ने हो भनेर उल्लेख छ,' उनले भने, 'यसलाई कार्यान्वयन गराउन अब सरकारले गन्तव्य देशको सरकार र निजी क्षेत्रसँग कुरा गर्नुपर्‍यो। भिसा ट्रेडिङ रोक्नुपर्‍यो। त्यहाँका रोजगारदातासमक्ष चेम्बर अफ कमर्स, रेस्पोन्सिबल बिजनेस एलाइन्स (आरबिआई) जस्ता संगठनमार्फत संवाद गर्न सकिन्छ।

श्रमविद् डा. युवराज बस्नेत भने वैदेशिक रोजगारीमा लाग्ने शुल्कलाई पारदर्शी बनाउँदै लगेर क्रमिकरूपमा निःशुल्क गराउने कुरामा ध्यान दिनुपर्ने बताउँछन्। व्यवसायीहरूको पनि विभिन्न खर्च हुने भएकाले उनीहरूलाई काम गर्ने वातावरण सिर्जना गर्नपर्ने उनको भनाइ छ।

'व्यवसायीहरू पनि पैसा कमाउन आएका हुन्। जति यसको शुल्क पारदर्शी बनाइन्छ त्यति यो क्षेत्र स्वच्छ हुँदै जान्छ,' उनले भने, 'फ्रि भिसाको प्रावधानलाई त्यसपछि क्रमशः कार्यान्वयन गराउन सकिन्छ। व्यवसायीले ५०-६० हजार तिरेर डिमाण्ड किनेर ल्याउँछन्। ५० हजार रूपैयाँ लागेको त देखिइरहेको छ त। व्यवसायीलाई व्यवसाय गर्न दिनुपर्छ।'

# धुलिखेल-खावा सडकमा कालोपत्र सुरु

**काभ्रेपलाञ्चोक–** स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डमा आजदेखि कालोपत्र गर्ने काम सुरु गरिएको छ।

धुलिखेल चोकबाट एकतर्फी कालोपत्र सुरु गरिएको डिभिजन सडक कार्यालय भक्तपुरले जानकारी दिएको छ। स्तरोन्नति भइरहेको उक्त चार किलोमिटर सडकमध्ये पहिलो चरणमा २.५ किलोमिटर कालोपत्र हुने भएको हो। कालोपत्र गर्नका लागि रातिको समयमा सडक आवागमन रोकेर निर्माण भइरहेको सो कार्यालयका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशले बताए। उनका अनुसार यही चैत ७ देखि २० गतेसम्म र चैत २१ देखि ३० गतेसम्म रातिको समयमा आवागमन रोकेर काम भइरहेको छ। सो अवधिमा टिपरलगायत मालवाहक सवारीलाई भने पूर्णतः निषेध गरिएको छ।

उक्त खडकखण्डको बाँकी १.५ किलोमिटर दोस्रो चरणमा कालोपत्र गरिने छ। ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र अस्फाल कालोपत्र गर्ने काम हुने जनाइएको छ। लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको विस्तार कार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता कार्य गरिएपछि पुनः स्तरोन्नति कार्यलाई तीव्रता दिइएको हो।

कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सि-एन ए-वान काली जेभीसँग भ्याटबाहेक ३१ करोड ५६ लाख रूपैयाँमा ठेक्का सम्झौता गरिएको हो। उक्त सडकखण्डमा कालोपत्रको काम सकिएपछि सडकको स्लोप मेन्टेन र अन्य बाँकी सानातिना काम गरिने प्रमुख योगेशको भनाइ छ। सात मिटर चौडाइको बन्ने उक्त सडकखण्डमा रहेका पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोग गरिने जनाइएको छ।

सो सडकखण्डमा तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो। सम्झौताको समयसीमा सकिएको ११ महिनापछि २५ प्रतिशतसमेत निर्माणको काम हुन नसकेको अवस्थामा कार्यालयले २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएका उक्त निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो। सो निर्माण कम्पनीले २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्ने गरी ठेक्का लिएको थियो।

उक्त सडकखण्ड अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकको रूपमा रहेको छ। *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०७४/०८/२९ मा दर्ता भएको प्रा.लि.नं. १७९९६० को **युनिब्रास ग्लोबल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**जापानिज भाषा शिक्षक संगठन**
**प्रदर्शनीमार्ग, काठमाण्डौ**
**फोन नं.०१-५३४२४००**

**कोटेशन आह्वानको सूचना प्रकाशन सम्बन्धमा**

प्रस्तुत विषयमा, यस जापानिज भाषा शिक्षक संगठन (नेपाल) को नयाँ कार्यालय का.म.न.पा. वडा नं. २, लाजिम्पाट स्थित K G Tower को पाँचौं तल्लामा स्थापना गरिने भएकोले उक्त कार्यालयका लागि आवश्यक इन्टेरियर डिजाइन तथा सेटअप कार्य सम्पन्न गर्न इच्छुक योग्य कम्पनी, फर्म तथा व्यक्तिबाट कोटेशन आह्वान गरिएको छ।

इच्छुक कम्पनी, फर्म वा व्यक्तिले देहाय बमोजिमका कागजातहरू संलग्न गरी, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थाको कार्यालयमा कोटेशन पेश गर्नुहुन अनुरोध गरिन्छ।

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१. नागरिकता प्रमाणपत्र (व्यक्तिको हकमा)
२. प्यान (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

यस सम्बन्धमा थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**जापानिज भाषा शिक्षक संगठन (नेपाल)**
**प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल**
**फोन नं.०१५३४२४००, मो.नं.९७०५३१५४००**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, २३ चैत, २०८२**

| | |
|---|---|
| **मेष** | शरीरमा स्फूर्ति छाउनेछ। भैरव भगवानको स्तुतिबाट दिनको सुरुवात गर्नुहोला। |
| **वृष** | कार्य व्यस्तता रहनेछ। शिव भगवानको दर्शन गर्दै दिनको सुरुवात गर्नुहोला। |
| **मिथुन** | ठुलाबडाको साथ प्राप्त हुनेछ। गौरी माताको प्रार्थना गर्दै दिनको सुरुवात गर्नुहोला। |
| **कर्कट** | मान-सम्मान पाउने योग रहेको छ। भगवान भोलेनाथको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला। |
| **सिंह** | नयाँ काम प्राप्त हुन सक्छ। दुर्गा स्तोत्रको पाठ गरि अघि बढ्नुहोला। |
| **कन्या** | मन सजग भएर जानेछ। हनुमान चालिसाको पाठ गरेमा राम्रो हुनेछ। |
| **तुला** | मित्रजनको सहयोग हुने योग छ। भगवान श्रीरामको स्मरणबाट दिनको सुरुवात गर्नुहोला। |
| **वृश्चिक** | नयाँ नयाँ विचार छाउनेछ। नृसिंहभगवानको स्मरण गर्दै दिनको सुरुवात गर्नुहोला। |
| **धनु** | कार्यमा सफलता मिल्नेछ। भगवान श्रीकृष्णको स्तुति गान गर्नुहोला। |
| **मकर** | मनमा जोश जागर भरिनेछ। महाकाल भगवानको स्मरण गरि दिनको सुरुवात गर्नुहोला। |
| **कुम्भ** | शुभ फल प्राप्त हुनेछ। कुबेर्को स्तुति गरि अघि बढ्नुहोला। |
| **मीन** | प्रियजनबाट धोका हुने सम्भावना रहेको छ। भूतनाथ्को ध्यान गरि दिनको सुरुवात गर्नुहोला। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२३ चैत, २०८२ (०६ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४८.६७ | १४९.२७ |
| युरो | १ को | १७१.६२ | १७२.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १९६.७६ | १९७.५५ |
| स्विस फ्रैन्क | १ को | १८६.२२ | १८६.९७ |
| अस्ट्रेलियन डलर | १ को | १०२.७१ | १०३.१२ |
| क्यानाडियन डलर | १ को | १०६.७६ | १०७.१९ |
| सिङ्गापुर डलर | १ को | ११५.६५ | ११६.११ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | २१.६१ | २१.६९ |
| साउदी अरब रियाल | १ को | ३९.५९ | ३९.७५ |
| कतारी रियाल | १ को | ४०.७८ | ४०.९४ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.४८ | ४०.६४ |
| मलेसियन रिङेट | १ को | ३६.८८ | ३७.०३ |
| दक्षिण कोरियन वन | १०० को | ९.८५ | ९.८९ |
| स्विडिस क्रोनर | १ को | १५.७६ | १५.८२ |
| डेनिस क्रोनर | १ को | २२.९६ | २३.०६ |
| हङकङ डलर | १ को | १८.९७ | १९.०५ |
| कुवेती दिनार | १ को | ४८४.५० | ४८६.४६ |
| बहराइन दिनार | १ को | ३९३.८३ | ३९५.४२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# सात हजारभन्दा बढी 'अनलाइन' सट्टेबाजी 'एप' र 'वेबसाइट' बन्द

**काठमाडौं (प्रस)–** 'अनलाइन' सट्टेबाजीसँग सम्बन्धित सात हजारभन्दा बढी 'एप्लिकेसन (एप)' र 'वेबसाइट' (युआरएल) बन्द भएका छन् ।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले 'इन्टरनेट' सेवा प्रदायकसँगको समन्वयमा वेबसाइट र एप बन्द गरेको हो । नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैधरूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो ।

'हालसम्म सात हजारभन्दा बढी यस्ता युआरएल र एप बन्द भएका छन् । अनलाइन सट्टेबाजीबारे पछिल्लो एक सातामा प्राधिकरणलाई टेलिफोन, इमेल, म्यासेजलगायत विभिन्न माध्यमबाट ५० भन्दा बढी गुनासा प्राप्त भएका छन्, ती सबैलाई सम्बोधन गर्दै कारबाही अघि बढाइएको छ,' उनले भने ।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ । सोही निर्णयअनुसार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको हो ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन पाइँदैन । त्यसको उल्लंघन गरेमा त्यसमा प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा १० हजार रूपैयाँसम्म जरिवाना हुने छ ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सो विपरीत कसुर गरेमा एक वर्षसम्म कैद तथा १० हजार रूपैयाँसम्म जरिवाना हुने छ ।

सरकारले सट्टेबाजी एप तथा वेबसाइट प्रयोग तथा सञ्चालन नगर्न पुनः आग्रह गरेको छ । अनधिकृतरूपमा सञ्चालन वा प्रयोग गरेको पाइएमा कडा कारबाही हुने चेतावनी दिएको छ । साथै, सरकारले शंकास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ ।

# अहमदिया संघ नेपालको ईद मिलन कार्यक्रम सम्पन्न




■ प्रभाव संवाददाता

**काठमाडौं–** अहमदिया संघ नेपालले ईद मिलन कार्यक्रम सम्पन्न गरेको छ । ईदको अवसरमा आपसी सद्भाव, धार्मिक सहिष्णुता र सामाजिक एकताको सन्देश प्रवाह गर्ने उद्देश्यले शुक्रबार उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा विभिन्न धर्म, समुदाय तथा समाजका अगुवाहरूको उपस्थिति रहेको थियो । सहभागीहरूले ईद पर्वले मानवता, सहिष्णुता र आपसी भाइचाराको भावना मजबुत बनाउने विश्वास व्यक्त गरे ।

संघका पदाधिकारीहरूले ईद केवल मुस्लिम समुदायकोमात्र पर्व नभई सम्पूर्ण मानव समाजका लागि प्रेम, शान्ति र सहअस्तित्वको सन्देश दिने अवसर भएको बताए । उनीहरूले नेपालजस्तो बहुजातीय र बहुधार्मिक मुलुकमा यस्ता कार्यक्रमले सामाजिक एकता थप मजबुत बनाउने धारणा राखे ।

कार्यक्रममा धार्मिक प्रवचन, शुभकामना आदानप्रदान तथा सामूहिक भोजनको आयोजना गरिएको थियो । सहभागीहरूले एकअर्कालाई ईदको शुभकामना दिँदै समाजमा शान्ति, सद्भाव र सहकार्य कायम राख्नुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रमका प्रमुख अतिथिको रूपमा बूढानीलकण्ठ नगरपालिकाकी उपमेयर अनिता लामा उपस्थित भएकी थिइन् । उनले ईदको शुभकामना दिँदै धार्मिक सहष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाउन यस्तो कार्यक्रम महत्त्वपूर्ण हुने बताइन् । आयोजक संस्थाका अध्यक्ष मोहन राउतले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिँदै ईदको शुभकामना व्यक्त गरे ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।१२।१५ गते काठमाडौं जिल्ला, धुम्बाराही प्रगति टोलबाट पार्किङ गरी राखिएको अवस्थामा कालो, रातो रङ्को पल्सर २२० सि.सि. मोटरसाइकल बेलुकाको ६:३३ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणीको नाम : दिनेश राई**
**बाइक नं.: बा.प्र. ०२- ०६० प ७६५१**
**च्यासिस नं.: MD2A13EX35CD84752**
**इन्जिन नं. : DKXCSC 29451**
**ठेगाना : बागमती गा.पा वडा नं.१, मकवानपुर**
**सम्पर्क नं. ९८४१५०८६१८**

## बिमालेख हराएको सूचना

मिति २०८२/११/२३ गते, बसपार्कदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : सुरेन्द्र साह**
**बिमालेख नं : १७००२६६३७**
**ठेगाना : मधुवन-२, सर्लाही**
**कम्पनी: एल.आई.सि.(नेपाल) लिमिटेड**
**सम्पर्क नं : ९८४१२१८२५५**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७१/०५/११ मा दर्ता भएको **प्रा. लि. नं. १२६०१७** को **अन्नपूर्ण क्याफे एण्ड प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना

यस कार्यालयमा मिति २०७६।०५।०१ मा दर्ता भएको प्रा.लि.नं. २२१६०७ को **थोचे एग्रो फार्म प्रा.लि.** नामक कम्पनीले १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/२३ गते**

यस कम्पनीको मिति २०८२/११/२२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कमल के.आर.पि.उद्योग प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **के.ब्यूटी स्टुडियो प्रा.लि.(K. Beauty Studio Pvt. Ltd.) (प्रा.लि.नं. ३३३५१७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Saad Overseas Pvt. Ltd.** (ई.प.नं. १५८७/०७९/८०) मा कार्यरत **नुरुल होडा शेख** (ना.प्र.प्र.नं.११४९६) आजको मितिबाट यस प्रा.लि. मा नरहेको हुनाले निज नुरूल होडा शेखबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम ईजाजत नं. 1587/079/80
**SAAD OVERSEAS PVT.LTD.**
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal
Tel: 01-5905860, 5905859, Email:- saadoverseas25@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : **YEONG CHAUR SHING PAPER MILL SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | LT. No. 340437 | चलानी नं. ६०२५३८५४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker/Factory Worker | 50 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ३० गते (13th April 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

1610/079/80
**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

## अन्तिम पटक ७ (सात) दिने धितो लिलामीको सूचना

**प्रकाशन मिति २०८२।१२।२३**

यस सँस्थाका तपलिमा उल्लेखित ऋणी तथा जमानीले यस संस्थाबाट कर्जासेवा उपभोग गरेकोमा सो कर्जाको साँवा तथा व्याज तिर्न कैयौं पटक मौखिक, लिखित तथा सार्वजनिक सूचना गर्दा समेत ऋण चुक्ता गर्न वेवास्ता गरेकोले यो ७ (सात) दिने धितो लिलामीको सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले अन्तिम पटक ७ (सात) दिन भित्र सँस्थालाई तिर्नुपर्ने साँवा, व्याज, हर्जाना तथा अन्य दैदस्तुर भुक्तान गरेमा यो लिलामीको प्रकृया नै स्थगित गरिनेछ । तोकिएको म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित नेपाल कानून बमोजिम लिलाम गरिने भएकोले लिलाम डाकबढावढ सकार गर्ने इच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको ८ (आठ)औं दिन (उक्त दिन बिदा परे भोलिपल्ट बिहान ११:०० बजे सँस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ । धितो लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १०% नगदै सँस्थामा सोहि दिन धरौटी राख्नुपर्ने छ । कबोल रकमको बाँकी रकम सात दिन भित्र जम्मा गरिसक्नुपर्ने छ अन्यथा धरौटी रकम जफत हुनेछ । धितो लिलामी डाकबढावढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम सँस्था आफैले धितो लिलाम सकार गर्ने छ । धितो लिलाम डाकबढावढबाट सँस्थाको लेना रकम नपुग भएमा ऋणी तथा जमानीको अन्य चलअचल सम्पतिबाट समेत उठाईलिनेछ ।

| ऋणीको विवरण | ऋणीको फोटो | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
| **१) राजेन्द्र प्रसाद आगन्जा**<br>बाबुको नाम : रत्न बहादुर<br>बाजेको नाम : न्हुच्छेमान आगन्जा<br>ठेगाना : भक्तपुर जिल्ला, झौखेल वडा नं.८,<br>हाल : चाँगुनारायण न.पा.२, आगन्जा टोल,<br>ना.प्र.न. २९९०१९०६६९००१९६ (भक्तपुर) |  |  | **२) सुन्तली श्रेष्ठ**<br>बाबुको नाम : सानु श्रेष्ठ<br>पतिको नाम : राजेन्द्र प्रसाद आगन्जा<br>ठेगाना : भक्तपुर जिल्ला, झौखेल वडा नं.८,<br>हाल : चाँगुनारायण न.पा.२, आगन्जा टोल,<br>ना.प्र.न.९७५४७/१६७५ (काभ्रे) |

**धितोको विवरण** : राजेन्द्र प्र.आगन्नजाको नाममा रहेको काभ्रे जिल्ला, साविक चलाल गणेशस्थान -७, हाल बेथानचोक-४ मा रहेको कि.नं.क्रमशः ४३८(३-१३-१-२), ४३९ (४-४-०-०), ४४० (४-४-०-०), ४४१ (१-८-०-०), ४४५ (७-२-३-२) र कि.नं. ४४६ (२-०-०-०) का जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत)

**श्रीयन्त्र बचत तथा ऋण सहकारी सास्था लि.**
**पिङ्गलास्थान, गौशाला, काठमाडौं, फोन नं.४४८३२४५**

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/१२/२३ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

**शम्शेरगाञ्ज, बाँके**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| १. **जगदिश प्रसाद बर्मा**<br>ना.प्र.नं.- १७८७२<br>जारी मिति - २०४७/०९/१२<br>जि.प्र.का. बाँके<br>बाबु - छब्बा लाल कुर्मी<br>बाजे - राम जवान कुर्मी<br>स्थायी ठेगाना- बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. ०७<br>हालको ठेगाना- बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ०६ | १. **जगदिश प्रसाद बर्मा**को नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. ०७ स्थित कित्ता नं. २०७ को क्षे.फ. ७६२ (व.मि) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात । |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **शान्ती देवी वर्मा**<br>ना.प्र.नं.- ६६१०१९/२५११<br>जारी मिति - २०६८/०९/२९<br>जि.प्र.का. बाँके<br>बाबु - राम राज कुर्मी<br>बाजे - आशा राम कुर्मी<br>स्थायी ठेगाना- बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. ०७<br>हालको ठेगाना- बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ०६ | २. **बिरेन्द्र वर्मा**<br>ना.प्र.नं.- ६६-०१-७४-०७५९७<br>जारी मिति - २०७४/१०/२१,<br>जि.प्र.का. बाँके<br>बाबु - जगदिश प्रसाद बर्मा<br>बाजे - छब्बा लाल कुर्मी<br>स्थायी ठेगाना- बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ०६<br>हालको ठेगाना- बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ०६ |

**ओखलढुङ्गा**

| ऋणीको विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| १. **ज्ञान बहादुर कटवाल**<br>ना.प्र.नं.- १३१०४६/१४९<br>जारी मिति - २०६७/०३/१०, जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - दल बहादुर कटवाल<br>बाजे - कटक बहादुर कटवाल<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, च्यानम गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, सिद्धिचरण न.पा., वडा नं. १२, | १. **ललीता कटवाल**को नाममा मालपोत कार्यालय, ओखलढुङ्गामा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ७१८ को क्षे.फ. ०-५-२-० (रोपनी) जग्गा र सो जग्गामा निर्माण घर समेत तथा सोको सम्पुर्ण लिगलगापात । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. **ललीता कटवाल**<br>ना.प्र.नं.- १३३०४६/१७२<br>जारी मिति - २०६३/१०/१८ जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - लिलानाथ पाण्डे<br>पति- ज्ञान बहादुर कटवाल<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, च्यानम गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला सिद्धिचरण न.पा., वडा नं. १२<br>२. **गंगा कटवाल**<br>ना.प्र.नं.- ७६०८४५१२<br>जारी मिति - २०५५/०२/०४ जि.प्र.का., सप्तरी<br>बाबु - प्रेम बहादुर थापा<br>पति- ज्ञान बहादुर कटवाल<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, च्यानम गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला सिद्धिचरण न.पा., वडा नं. १२<br>३. **अजयवावु कटवाल**<br>ना.प्र.नं.- १३-०१-७३-०३२१९<br>जारी मिति - २०७३/०८/१४ जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - ज्ञान बहादुर कटवाल<br>बाजे - दल बहादुर कटवाल<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, च्यानम गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला सिद्धिचरण न.पा., वडा नं. १२ | ४. **बिजय बावु कटवाल**<br>ना.प्र.नं.- १३-०१-७२-००५४३<br>जारी मिति - २०७२/०३/०७ जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - ज्ञान बहादुर कटवाल<br>बाजे - दल बहादुर कटवाल<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, च्यानम गा.वि.स. वडा नं. ०९<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला सिद्धिचरण न.पा., वडा नं. १२<br>५. **संजय वावु कटवाल**<br>ना.प्र.नं.- १३-०१-७५-०१६६२<br>जारी मिति - २०७५/०५/३१, जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - ज्ञान बहादुर कटवाल<br>बाजे - दल बहादुर कटवाल<br>स्थायी ठेगाना - ओखलढुङ्गा जिल्ला सनकोशी गा.पा. वडा नं.०८<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला सिद्धिचरण न.पा., वडा नं. १२ |

**कुमारी बैंक लिमिटेड**
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
**कर्जा असुली विभाग बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६९९१**

# Kawasoti Municipality
## Office of The Municipal Executive
### Gandaki Province, Nepal

## Invitation for Bids

**First Date of Publication: 2082/12/23**

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under Sealed Quotation (SQ).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1. | 22/KM/SQ/ WORKS/ 2082/83 | Kushnari Tole ko Top bahadur k.c ko Ghar dekhi Pachhim Tarf ko bato Overlay ward no-13 | 12,86,839.56 | 2083/01/08, BS) Upto 12Hr | 75 days | 38,000 | 1,000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

## सम्पादकीय

# सभामुख अर्यालका चुनौती

नेपाली राजनीतिको एउटा विशिष्ट मोडमा प्रतिनिधिसभाले डोलप्रसाद अर्याललाई नयाँ सभामुखका रूपमा निर्विरोध चयन गरेको छ । 'जेन–जी' आन्दोलन र त्यसपछिको निर्वाचनले निर्माण गरेको नयाँ राजनीतिक समीकरणकाबीच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति अर्यालको काँधमा संसद्को नेतृत्व आइपुग्नु आफैंमा अर्थपूर्ण छ । पदभार ग्रहणका क्रममा उनले व्यक्त गरेको 'युवाहरूले आन्दोलन गर्न नपर्नेगरी कानुन बनाउने' प्रतिबद्धता सुन्दा उत्साहजनक लागे पनि व्यवहारमा यसको कार्यान्वयन र संसदीय सञ्चालनका चुनौतीहरू भने निकै पहाडसमान छन् ।

नवनियुक्त सभामुखका सामु पहिलो र प्रमुख चुनौती संसद्को निष्पक्षता कायम राख्नु हो । २७५ सदस्यीय प्रतिनिधिसभामा उनी आबद्ध दल रास्वपाको १८२ सिटसहितको भारी बहुमत छ । यस्तो अवस्थामा सभामुखले दलीय स्वार्थ र दबाबभन्दा माथि उठेर अल्पमतमा रहेका दलहरूको आवाजलाई पनि उत्तिकै स्थान दिनु र सदनलाई साझा थलोको रूपमा स्थापित गर्नु अनिवार्य छ । संसद्को गरिमा र मर्यादा तबमात्र जोगिन्छ, जब सदनको नेतृत्वले सत्ता पक्षको छाया र प्रतिपक्षको अवरोध दुवैलाई कुशलतापूर्वक व्यवस्थापन गर्न सक्छ ।

दोस्रो महत्त्वपूर्ण जिम्मेवारी विधायिकी कार्यको प्रभावकारिता हो । पछिल्लो समय संसद् विधेयक निर्माणभन्दा पनि राजनीतिक दाउपेचको अखडा बन्ने गरेको जनगुनासो व्याप्त छ । देशको आर्थिक र सामाजिक रूपान्तरणका लागि आवश्यक दर्जनौं कानुनहरू निर्माणको पर्खाइमा छन् । अर्यालले भनेझैं आन्दोलनपछिको पुनर्निर्माण र नयाँ पुस्ताको भावना सम्बोधन गर्ने नीतिहरू बनाउनु चुनौतीपूर्ण छ । विधेयकहरूलाई समयमै अगाडि बढाउने, संसदीय समितिहरूलाई सक्रिय बनाउने र सांसदहरूको सहभागिता सुनिश्चित गर्ने कार्यमा उनले आफ्नो प्रशासनिक र राजनीतिक कुशलता देखाउनुपर्ने छ ।

तेस्रो, जनअपेक्षा र विश्वासको सन्तुलन मिलाउनु अर्को कठिन कार्य हो । जेन–जी युवाहरूको बलिदान र आक्रोशबाट सिर्जित नयाँ नेतृत्वप्रति जनताको आशा निकै उच्च छ । आन्दोलनमा ध्वस्त भएका संरचनाको पुनर्निर्माणका लागि कानुनी गाँठो फुकाउने र सरकारलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गर्ने जिम्मेवारी सभामुखकै हो । सरकारका काम–कारबाहीको निगरानी गर्ने र सदनलाई 'गफ गर्ने थलो' बाट 'नतिजा दिने संस्था'मा रूपान्तरण गर्नु नै उनको कार्यकालको सफलताको कसी हुने छ ।

अन्ततः सभामुख अर्यालले आफूलाई केवल एउटा दलको नेताका रूपमा नभई समग्र राष्ट्रको अभिभावकीय संस्थाको प्रमुखका रूपमा प्रमाणित गर्नुपर्ने छ । राजनीतिक ध्रुवीकरण र मतभेदको अन्त्य गर्दै संसद्लाई जनमुखी, पारदर्शी र परिणाममुखी बनाउन सकेमात्र उनीप्रतिको जनविश्वास सार्थक हुने छ । नयाँ सभामुखलाई यो ऐतिहासिक अवसर र चुनौतीलाई अवसरमा बदल्ने दृढ इच्छाशक्तिको खाँचो छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# विकासमा उद्यमशीलताको भूमिका



❑ गम्भीरबहादुर हाडा

"उद्यम सञ्चालन गर्नासाथ अन्यत्र जागिर गरेको जस्तो सुरुमै आम्दानी आइ हाल्दैन । सुरु-सुरुमा आम्दानी न्यून हुन्छ, आम्दानी नै हुँदैन, घाटै सहनु पर्दछ, आफ्नो जीविकोपार्जन तथा परिवारको जीवन धान्न पनि गाह्रो हुन्छ । त्यस्तै आम्दानी नियमित पनि हुँदैन । उद्यमीले प्रारम्भिककालमा धेरै खर्च वा लगानीकै सामना गर्नुपर्दछ । अरूलाई तलब तथा कमिसन बाँडेर बचेकोमात्र उद्यमीले पाउँदछन् । यसरी साँच्चै भन्नुपर्दा व्यवसायलाई टिकाइराख्न तथा आफ्नै जीवन धान्न व्यवसायीले ठूलै संघर्ष गर्नुपर्ने हुन्छ ।

उद्यमशीलता यस्तो प्रक्रिया एवं श्रेस्ता हो, जसको माध्यमबाट व्यक्तिगत पहिचान, अवसरहरू वितरित संसाधनहरू र मूल्यको सृजना गर्न सकिन्छ । त्यस्तो खालको मूल्यको सृजना समस्याको पहिचानमार्फत परिवर्तनका लागि गरिएको हुन्छ । जहाँ उद्यमीले समस्या तथा अवसरहरू देख्ने गर्दछ र त्यसलाई पहिचान गरी उसले समस्याको प्रभावकारी समाधान खोज्ने गर्दछ । उद्यमीले बजार क्षेत्रमा देख्ने अवसरहरू र ती अवसरलाई प्राप्त गर्न सक्ने श्रेयता र त्यही श्रेयता उचित समयमा उचित ठाउँमा गर्न सक्ने कौशलताबाट उसको उद्यमशीलता झल्कन्छ । ती समस्याहरूको समाधान गर्दै मूल्य सृजना गर्ने काम नै उद्यमशीलता हो ।

अर्को शब्दमा उद्यमीले गर्ने वा व्यवसायीले गर्ने हरेक काम र उसले चाल्ने कदम नै उद्यमशीलता हो । जुन सधैं उसको सिर्जनशीलता, अनुसन्धान र आर्थिक रूपान्तरण एवं वित्तीय सुधारका लागि एउटा अनुसन्धान, अन्वेषण एवं आविष्कार बन्न सक्छ ।

उद्यमी शब्द वास्तवमा अंग्रेजीमा 'इन्टरप्रेनर' फ्रान्सिसी भाषाबाट लिइएको हो । यस शब्दको मूल अर्थ हो, यस्तो आर्थिक नेता जो, नयाँ वस्तुहरू, नयाँ प्रविधि तथा पूर्तिका लागि स्रोतहरूलाई सफलतापूर्वक परिचालित गरेर सुअवसर बनाउने योग्यता राख्दछ । जसले आवश्यक संयन्त्र तथा साधन, प्रविधि र श्रम शक्तिलाई एक ठाउँमा ल्याउँछ र जसले संगठित गरेर कारोबार चलाउनेसमेत क्षमता राख्दछन् । देशको आर्थिक तथा राजनीतिक प्रणाली जे सुकै होस् । तर आर्थिक विकासका लागि उद्यमी एकदमै आवश्यक छ, समाजवादी राज्यमा राज्य आफैं उद्यमकर्ता हुन्छ । तर नेपालजस्तो अल्पविकसित देशहरूमा यही स्थिति रहन्छ, किनभने यस्ता देशहरूमा पनि निजी उद्यमकर्ताले जोखिम उठाउन संकोच गर्दछन् । जोखिम लिन संकोच मान्दछन् । जुन नयाँ उद्योगहरूसँग सम्बन्ध रहन्छ । उन्नत पुँजीवादी समाजहरूमा निजी उद्यमीहरूले नै समाजको विकासमा महत्त्वपूर्ण कार्य गर्दछ ।

केही अर्थशास्त्रीहरूको भनाइअनुसार उद्यमीको कार्य जोखिम उठाउने र अनिश्चितताको स्थितिमा काम गर्नु हो । केही अर्थशास्त्रीहरूको भनाइअनुसार उद्यमीको कार्य उत्पादक साधनहरूमा तालमेल स्थापित गर्नु हो । कुनै पनि व्यापारी उद्यमीको प्रमुख कार्यकर्ता उद्यमी नै रहेको हुन्छ, किनभने उद्यमीविना उद्योगको सञ्चालन गर्न सकिँदैन । ब्रेलब्रोनले ठिकै भनेको छ कि, निजी उद्यमी दीर्घकालीन आर्थिक विकासको अनिवार्य अंग हो, लाभबाट प्रेरित र नयाँ तरिकाको पहिचान गर्नमा उद्यमीको योग्यता, क्षमता र तत्परता आर्थिक विकासमा अत्यन्त महत्त्वपूर्ण छ । उद्यमीको प्रमुख कार्य उत्पादनको नयाँ तरिकालाई परिचालन गर्नु र स्थानीय उपभोगलाई अनुकूल बनाउनु हो ।

अर्थव्यवस्थामा वस्तुको मूल्य र लागतको ज्ञान हुनु पनि उद्यमीका लागि महत्त्वपूर्ण छ । किनभने, यसबाट उपलब्ध साधनहरूको सर्वोत्तम उपयोग गर्ने र उपयोग गरेर उत्पादकत्व बढाउनमा सहयोग गर्दछ । उद्यमी साधन सम्पन्न, मितव्ययी र परिश्रमी भएमा देशको आर्थिक विकासमा व्यापक प्रभाव पर्दछ । अर्थव्यवस्थामा पुरानो प्रविधिको स्थानमा नयाँ प्रविधिको उपयोग गरेमा भौतिक उन्नति हुने सम्भावना बढी रहन्छ र मानिसहरूको जीवनस्तरमासमेत सुधार हुन जान्छ । उद्यमी उच्च शिक्षा प्राप्त, प्रशिक्षित तथा कुशल व्यक्ति भएमा अरुसँग नभएको गुण यस्तो उद्यमीमा रहेको हुन्छ ।

## असल उद्यमीमा हुनुपर्ने गुण

(१) त्यस्तो उत्साही, साधन सम्पन्न, नयाँ सुअवसरप्रति जागरुक, बद्लिँदो परिस्थितिअनुकूल समायोजन गर्ने योग्यता राख्दछ र परिवर्तन तथा विस्तार गर्नमा समेत जोखिम उठाउन तरा रहन्छन् ।

(२) त्यस्तो उद्यमी, जसले प्रद्योगिकीय परिवर्तन आरम्भ गर्दछन् र आफ्नो उत्पादनको तरिकालाई सुधार गर्दछन् ।

(३) त्यस्तो उद्यमी, जसले उद्योगको परिमाणलाई बढाउँछ र उसले अरुसँग सम्बन्ध राखेर काम गर्दछन् र आफ्नो लाभबाट प्राप्त पुँजीलाई फेरि अरु ठाउँमा लगानी गर्दछन् ।

एउटा उद्यमीमा हुने गुण तथा उद्यमशीलताको विस्तृत व्याख्या गरिएको छ । जसअनुसार उद्यमशीलता समाज परिवर्तन गर्ने लक्षण हो । एउटा उद्यमी अन्वेषक तथा खोजकर्ता पनि हो, किनभने उसले नयाँ-नयाँ सम्भावनाको खोज गर्दछ । नयाँ विधि तथा नयाँ वस्तु तथा सेवा पत्ता लगाउँछ । साथै, उसले त्यस्ता नयाँ वस्तु, सेवा वा विधिको उपयोग गरेर व्यावसायिक ढंगले उत्पादन सुरु गर्दछ । एउटा उद्यमीले स्रोत जुटाउँछ, क्षमतावान् कामदार जुटाउँछ र स्वयं तिनीहरूलाई नेतृत्व दिएर व्यावसायिक उत्पादन सुरु गर्दछ । तर सबै अन्वेषक वा खोजकर्ता उद्यमी हुँदैनन् । किनभने अन्वेषकले नयाँ वस्तु, सेवा वा विधिमात्र पत्ता लगाएर पनि छाड्न सक्दछ । त्यसपछिको व्यावसायिक क्रियाकलाप उद्यमीले गर्दछ । उद्यमी र अन्वेषकबीचको अन्तरसम्बन्ध संयुक्त राज्य अमेरिकाको फोर्ड मोटर कम्पनीको दिइएको उदाहरणबाट अझ स्पष्ट हुन्छ ।

आजको युग औद्योगिक युग हो । जटिल उद्योग व्यवसायलाई एउटा सुनिश्चित मार्ग प्रदान गर्न त्यसलाई सञ्चालन, निर्देशन र नियन्त्रण गर्न संगठनको ठूलो भूमिका छ । पुँजीवादी, समाजवादी र मिश्रित यी तीनै व्यवस्थाको उत्पादन कार्यका लागि संगठनको ठूलो महत्त्व छ । उद्योग व्यवसायमा उत्पादन कार्यका लागि योजना तयार पार्न, उत्पादनका साधनहरूको व्यवस्था गर्न संगठनको विशेष महत्त्व छ । संगठनकर्ताको कुशलतामा नै उत्पादन निर्भर रहन्छ ।

श्रम विभाजनको सिद्धान्तबमोजिम प्रत्येक श्रमिकलाई सुहाउँदो काम दिने, काम गर्नेलाई असल औजार र उपयुक्त स्थानको बन्दोबस्त गर्ने, कामको राम्ररी रुटिन मिलाउने, हिसाबको राम्रो व्यवस्था गर्ने इत्यादि धेरै किसिमको जिम्मेवारी पनि उद्यमीमाथि नै परेको हुन्छ । श्रम विभाजनको मुख्य कारणबाट नै उद्यमीको उदय हुनुको मुख्य कारण हो भन्न सकिन्छ । श्रम विभाजन यति जटिल हुँदै गइराखेको छ कि उत्पादनको काम धेरै व्यक्ति र विभागहरूमा बाँडिएको हुन्छ । सबैको काममा सामञ्जस्य स्थापित गर्नलाई पनि उद्यमीको आवश्यकता पर्दछ ।

कुनै पनि देशको औद्योगिक तथा आर्थिक विकासमा उद्यमशीलताले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । खासगरी उद्यमशीलताले नयाँ-नयाँ उद्योग व्यवसायलाई जन्म दिन्छ । आज अमेरिका, एसिया, जापान, जर्मनीजस्ता विकसित देशहरूको विकासको कारण नै उद्यमशीलता बनेको छ । उद्यमीहरू सधैं केही काम गरौं भन्नेखालका सक्रिय जाँगरिलो र अभिलाषा भएका हुन्छन् फलस्वरूप तिनीहरूले श्रम, पुँजी, प्रविधि तथा प्राकृतिक साधन स्रोतको पूर्ण उपयोग गर्न मद्दत पुऱ्याउँदछन् ।

विकास भन्ने कुरा त्यसै आँगनमा आउँदैन । त्यसलाई विकासको संवाहक चाहिन्छ । त्यस्तो संवाहक नै उद्यमी हो । उद्यमीले सधैं अवसरहरूको खोजी गरिरहन्छ । उसले ती कुराहरू देख्दछ, जो अरुले देख्दैनन् । त्यसपछि त्यस्ता अवसरहरूलाई मुनाफामा परिणत गर्ने प्रयत्न उसले गर्दछ । सबैभन्दा ठूलो कुरा त उसले उत्पादन वा सृजना गर्दछ । नयाँ उद्यमीको प्रवेशबाट उत्पादन वृद्धि हुने, उत्पादन वृद्धिबाट सम्पूर्ण आर्थिक गतिविधि बढ्ने र यसबाट उद्योग व्यवसायको बचत वृद्धि हुने, सो बचत पुनःलगानी गरी उत्पादन वृद्धिको प्रक्रिया अझ तीव्र हुने हुँदा उद्यमको मूल्यवृद्धि हुन जान्छ । यस प्रक्रियाबाट बजारमा सेयरको मूल्य बढ्न जान्छ र यो निरन्तर कायम रहने प्रक्रिया हो ।

उद्यमी अर्थात् उद्यमशीलताले जनतासँग रहेका निस्क्रिय बचत परिचालन गरेर पुँजी निर्माण बढउँदछ । उद्यमशीलताले नयाँ-नयाँ व्यवसाय वा उद्यममा लगानी गरी राष्ट्रिय पुँजी निर्माणमा नै योगदान पुऱ्याएको हुन्छ । यसले पैसा भएकाहरूलाई सिर्जनात्मक कार्यमा लगानी गर्न उत्प्रेरित र आकर्षित गर्दछ । उद्यमीहरूले नयाँ व्यवसाय प्रारम्भ गरेर रोजगारीका अवसरहरू सिर्जना गर्दछन् । उनीहरू आफैं, परिवारका सदस्य तथा समाजका अन्य व्यक्तिहरूलाई रोजगारी प्रदान गरेर राष्ट्रको बेरोजगारी समस्या हटाउन ठूलो सहयोग पुऱ्याउँदछन् । बेरोजगारी हटनाले मानिसको आम्दानी एवं जीवनस्तर बढ्छ ।

आज अल्पविकसित देशहरू बेरोजगारीको ठूलो समस्याबाट पीडित छन् । बेरोजगारी नै राजनीतिक अस्थिरताको जड पनि हो । फुर्सदले मानिसहरूलाई नकारात्मक काम गर्ने बनाइदिन्छ । उद्यमीले मानिसहरूलाई फुर्सद दिँदैन । उद्यमीहरूले देशमा उपलब्ध श्रम, पुँजी, भूमिलगायत प्राकृतिक साधन स्रोत छन्, जो विनाप्रयोग खेर गइरहेका हुन्छन्, त्यसको अधिकतम् सदुपयोग गर्नमा मद्दत पुऱ्याउँछन् । यसबाट देशको उत्पादन र उत्पादकत्व बढ्दछ । विकसित देशहरूमा अत्यधिक उद्यमीहरू भएको कारण त्यहाँका साधन स्रोतको अधिकतम प्रयोग, उपयोग भएको छ । तर अविकसित देशमा उद्यमीहरूको कमीले गर्दा साधन स्रोतहरू खेर गइरहेका छन् ।

उद्यमीहरूले साधन एवं स्रोतको उपलब्धताका आधारमा देशका विभिन्न भागमा व्यवसायहरू सञ्चालन गर्दछन् । यसबाट देशको विभिन्न क्षेत्रमा समानुपातिक ढंगले औद्योगिक एवं आर्थिक विकासमा मद्दत पुग्दछ । सरकारले पनि पिछडिएका क्षेत्रहरूमा लगानी गरी उद्योगको स्थापना गर्न उद्यमीहरूलाई प्रोत्साहित गर्दछ । यसरी देशका पिछडिएका क्षेत्रहरूको आर्थिक विकास गरी सन्तुलित क्षेत्रीय विकासमा उद्यमीहरूले मद्दत पुऱ्याइरहेका हुन्छन् । उद्यमीहरूले देशमा धन, आम्दानी तथा राजनीतिक शक्तिको न्यायोचित वितरण गर्न सघाउ पुऱ्याउँछ । अर्थात् एकै ठाउँमा, एउटै पुँजीपति वर्गमा केन्द्रित हुन दिँदैनन् । धेरै उद्यमी भए भने धेरै उद्यमीहरूमा धन सम्पत्तिको स्वामित्व बाँडिन्छ । त्यस्तै उनीहरूले धेरै भन्दा धेरै सर्वसाधारण, शोषित पीडित, निर्धन व्यक्तिहरूलाई रोजगारी दिन्छन् । यसबाट आय पनि बाँडिन्छ वा एउटै व्यक्तिलेमात्र कमाउने हुँदैन । देशको राजनीतिक शक्ति पनि ठूला-ठूला पुँजीपति उद्योगपति वा व्यापारीहरूबाट मात्र प्रभावित हुन पाउँदैन उद्यमीहरू छरिएर रहँदा देशभर यस्तो राजनीतिक शक्ति पनि बाँडिन्छ ।

उद्यमीहरूले नयाँ-नयाँ उद्योग तथा व्यापार सञ्चालन गरेर अत्यधिक उत्पादन गर्दछन् र निर्यात व्यापारमा पनि संलग्न हुन्छन् । विश्वव्यापीकरणले खुला गरेको विश्वव्यापी व्यापार अवसरको फाइदा उद्यमीहरू भएमामात्र लिन सकिन्छ । विदेशमा नयाँ-नयाँ विक्रय अवसरहरू पत्ता लगाउने, विदेशी मागअनुसार वस्तु वा सेवाका उत्पादन र बिक्री वितरण गर्ने काम उद्यमीहरूले गर्दछन् । यसबाट प्रशस्त विदेशी मुद्राको आर्जन हुन सक्दछ । उद्यमशीलताका कारणले देशमा उद्योग, कलकारखानाहरूको स्थापना हुन्छ । जसबाट देशमा व्यापक औद्योगिकीकरण हुन्छ । देशका जनताले विभिन्न सुविधायुक्त वस्तु वा सेवाहरू सस्तो, सुलभ एवं पर्याप्त मात्रामा उपभोग गर्न पाउँदछन् । बेरोजगारी समस्या हट्दछ ।

कृषिमामात्र निर्भर अत्यधिक जनसंख्यालाई गैर कृषि क्षेत्रतिर स्थानान्तरण गर्न औद्योगिकीकरणबाट नै मद्दत पुग्दछ । उद्यमशीलताले उद्यमीकै व्यक्तित्वको विकास हुन्छ । उसले प्रशस्त आय आर्जन गर्न सक्छ र आफ्नो जीवनशैलीलाई उन्नत बनाउन सक्छ । नयाँ-नयाँ विचार उत्पत्ति गर्ने, नयाँ कामको थालनी गर्ने अनुभवबाट सिक्ने, जोखिम बहन गर्ने शक्तिको वृद्धि हुने, इमान्दारितापूर्ण कामबाट आफ्नो परिवारलाई नै सुखी बनाएर राख्न सक्नेजस्ता फाइदाहरू उद्यमीले प्राप्त गर्न सक्दछ । एक जना उद्यमीले व्यवसाय स्थापना गर्दा अवश्य पनि समाजलाई केही नयाँ कुराहरू दिन खोजेको छ भन्ने बुझिन्छ । त्यस्तो नयाँ कुरामा नयाँ वस्तु हुन सक्छ वा नयाँ उत्पादन विधि हुन सक्छ वा नयाँ बजार पत्ता लगाएको हुन सक्छ ।

नयाँ उद्यम संस्थापनाको क्रममा उत्पादन क्षेत्र, बजार क्षेत्र वा वस्तु क्षेत्रमा नयाँ खोजहरूको सम्भावना रहेको पाइन्छ । किनभने एक जना उद्यमीले सम्पूर्ण बजारको कुनै शोषण नगरिएको क्षेत्रलाई नै शोषण गरेर व्यवसायको सुरुआत गर्ने कुरा सोच्दछ । हालसम्म प्रयोग नभएका कच्चा पदार्थ प्रयोग गरेर वा हालसम्म प्रयोग नभएको उत्पादन विधि प्रयोग गरेर वा हालसम्म प्रवेश नगरिएको बजार प्रवेश गरेर नै नयाँ व्यवसाय सञ्चालन गर्नुपर्दछ । उद्यमशीलताको माध्यमबाट नयाँ उद्यमीको प्रवेश हुने हुँदा दीर्घकालसम्म बजारमा टिकिराख्नका लागि पनि उत्पादनको गुणस्तरीयता कायम हुनुपर्दछ । तसर्थ, यस प्रक्रियाबाट आम उपभोक्तालाई फाइदा पुग्दछ ।

उद्यमशीलताको विकासबाट समाजमा छरिएर रहेको बचत संकलन भई उद्योग व्यवसायमा लगानी हुन जान्छ । त्यस्तै यस्तो लगानी मानव श्रमसाधन विकासमासमेत खर्च गरिन्छ । अर्कोतिर अभावग्रस्त क्षेत्रमासमेत स्रोत परिचालन हुन जान्छ । यी सम्पूर्ण आर्थिक क्रियाकलापबाट थप उत्पादन भई समाजको आवश्यकता पूरा हुन जान्छ । नयाँ व्यवसायको सञ्चालनसँगै यसको असफल हुने सम्भावना पनि गाँसिएको हुन्छ । कुनै व्यवसाय सफल नै हुन्छ भन्ने प्रत्याभूति कसैले दिन सक्दैन । कतिपय जोखिमहरू उद्यमीको आफ्नै ज्ञानको कमीबाट सिर्जित हुन्छन् भने कतिपय अन्य बाहिरी कारणबाट पनि हुन सक्दछ ।

कुनै पनि उद्यमका लागि वित्तको ज्यादै महत्त्व छ । पुँजीविनाको व्यवसाय कल्पना गर्न सकिँदैन । वित्तलाई व्यवसायको जीवनरक्त भनिन्छ । अतः व्यवसाय सुरु गर्न चाहिने यस्तो महत्त्वपूर्ण कुरामा महिलाहरूको पहुँच कम हुन्छ । उनीहरू वित्तको अभावमा व्यवसाय गर्न नपाउने हुन सक्छन् । आफ्नै निजी बचतबाट व्यवसाय चलाउनुपर्ने बाध्यता रहन्छ । बैंक तथा वित्तीय संस्थाहरूले पनि महिलाहरूलाई ऋण उपलब्ध गराउन कममात्र प्राथमिकता दिएको पाइन्छ , अतः महिला उद्यमीहरूको प्रमुख समस्या वित्तको अभाव हो । महिला उद्यमीहरूले झेल्नुपर्ने अर्को समस्या कच्चा पदार्थको अभाव हो । विशेषतः साना उद्यमीहरूले कतिपय अवस्थामा थोरै मात्रामा कच्चा पदार्थ नपाइनु र पाए पनि चर्को मूल्य तिर्नुपर्ने हुन जान्छ, जसबाट उत्पादन लागत बढ्न गई उनीहरूको उत्पादनले सीमित बजार पनि गुमाउनुपर्ने हुन जान्छ । कडा प्रतिस्पर्धा पनि महिला उद्यमीहरूका प्रमुख समस्या नै हो ।

उद्यम सञ्चालन गर्नासाथ अन्यत्र जागिर गरेको जस्तो सुरुमै आम्दानी आइ हाल्दैन । सुरु-सुरुमा आम्दानी न्यून हुन्छ, आम्दानी नै हुँदैन, घाटै सहनु पर्दछ, आफ्नो जीविकोपार्जन तथा परिवारको जीवन धान्न पनि गाह्रो हुन्छ । त्यस्तै आम्दानी नियमित पनि हुँदैन । उद्यमीले प्रारम्भिककालमा धेरै खर्च वा लगानीकै सामना गर्नुपर्दछ । अरुलाई तलब तथा कमिसन बाँडेर बचेकोमात्र उद्यमीले पाउँदछन् । यसरी साँच्चै भन्नुपर्दा व्यवसायलाई टिकाइराख्न तथा आफ्नै जीवन धान्न व्यवसायीले ठूलै संघर्ष गर्नुपर्ने हुन्छ ।

# जातीय विभेद्‌विरुद्धको जीवित संग्रहालय



■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** संविधान, कानुन र नीतिगत व्यवस्थाले जातीय विभेद र छुवाछूतलाई निषेध गरे पनि व्यवहारमा भने यसको अवशेष अझै समाजका विभिन्न क्षेत्रमा जरो गाडेर बसेको देखिन्छ । विशेषगरी ग्रामीण समाजमा परम्परा, संस्कार र सामाजिक संरचनासँग गासिएर बसेको जातीय विभेद् पूर्णरूपमा अन्त्य हुन अझै समय लाग्ने देखिन्छ ।

राजनीतिक, सामाजिक र बौद्धिक मञ्चहरूमा समानता, समावेशिता र सामाजिक न्यायका कुरा व्यापकरूपमा उठाइए पनि व्यवहारमा समानता स्थापित गर्न चुनौती कायमै छ । तर सुदूरपश्चिम प्रदेशको बैतडीमा रहेको पाटन नगरपालिका-३ स्थित वनारसीधाम तथा विश्वनाथ ज्योतिर्लिंग शक्तिपीठ भने ४१८ वर्षअघि नै सामाजिक समानताको अभ्यास सुरु गरिएको एउटा ऐतिहासिक स्थलका रूपमा चिनिन्छ ।

यस शक्तिपीठमा दलित र ब्राह्मण पुजारीले एउटै धाम क्षेत्रमा संयुक्तरूपमा पूजाअर्चना गर्दै आएका छन् । यही परम्पराका कारण वनारसी धामलाई जातीय विभेदविरुद्धको एउटा ऐतिहासिक ‘लिभिङ म्युजियम’ अर्थात् जीवित संग्रहालयका रूपमा लिन सकिन्छ । तर विडम्बना, जातीय समानताको यस्तो ऐतिहासिक सन्देश बोकेको धाम भने विकासका हिसाबले अझै पछाडि परेको छ । करोडौंको गुरुयोजना बजेट अभावमा कागजमै सीमित रहेको छ ।

विशेषगरी धार्मिक क्षेत्रलाई उच्च जातिको अधिकार क्षेत्र मानिने र दलित समुदायलाई मन्दिर प्रवेशदेखि पूजा-अर्चनासम्म प्रतिबन्ध लगाउने परम्परा लामो समयसम्म कायम थियो तर बैतडीको वनारसीधाममा भने यो परम्परा उल्टो देखिन्छ । यहाँ दलित र ब्राह्मण पुजारीले संयुक्तरूपमा पूजा गर्ने, प्रसाद वितरण गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने परम्परा ४०० वर्षभन्दा लामो समयदेखि निरन्तर चल्दै आएको धाम क्षेत्रको इतिहासको खोजी गर्दै आएका अनुसन्धानकर्ता तथा आचार्य पण्डित गणेशप्रसाद पन्त बताउँछन् ।

उनका अनुसार वनारसीधामको इतिहास तत्कालीन स्वराड क्षेत्रका महाराजा मानुक चन्द (मनि चन्द) को शासनकालसँग जोडिएको पाइन्छ । इतिहासअनुसार १६०४ सालतिर स्वराड क्षेत्रमा जातीय विभेद चरममा थियो । समाजमा छुवाछूत, सामाजिक भेदभाव र जातीय विभाजनका कारण सामाजिक सद्भाव खल्बलिन थालेपछि राजा मानुक चन्दले यसको समाधान खोज्न राजगुरु तथा राजज्योतिषी वीरभद्र पन्तलाई निर्देशन दिएका थिए । ‘राजगुरुको पहलमा विभिन्न जात-समुदायका प्रतिनिधिहरूको बैठक बोलाइएको थियो,’ आचार्य पन्तले भने, ‘उक्त बैठकमा पण्डित, भट्ट, भाट, विष्ट, अवस्थी, कोली, दमाई, लुहार, कुमाल, पहरीलगायत विभिन्न जात-समुदायका प्रतिनिधिहरू सहभागी भएका थिए, लामो छलफलपछि एउटा ऐतिहासिक निर्णय भयो- धर्म, पूजा र धार्मिक आस्थाको क्षेत्रमा कुनै पनि प्रकारको जातीय विभेद हुनु हुँदैन, गरिनु हुँदैन ।’

उनी भन्छन्, ‘यस निर्णयलाई पछि राजसभा परिषद्‌बाट औपचारिकरूपमा पारित गरियो, त्यसपछि दलित समुदायका व्यक्तिलाई समेत पुजारी नियुक्त गरियो र ब्राह्मण पुजारीसँगै संयुक्तरूपमा पूजा गर्ने परम्परा सुरु भयो ।’ करिब ४१८ वर्षदेखि आजसम्म यही परम्परा निरन्तर चल्दै आएको छ ।

वर्षौं पहिले लिएको यस निर्णयलाई सामाजिक सुधार आन्दोलनकै रूपमा व्याख्या गर्न सकिने बनारसीधाम विश्वनाथ सेवा समाजका उपाध्यक्ष मनिराम कोली बताउँछन् । ‘त्यो समय हिन्दू समाजमा जातीय विभेद अत्यन्त कठोर रूपमा लागू हुने समय थियो,’ उनले भने, ‘त्यस्तो समयमा धार्मिक क्षेत्रमा समानता लागू गर्नु अत्यन्त ठूलो सामाजिक परिवर्तन मानिन्छ ।’ उनका अनुसार वनारसीधामलाई केवल धार्मिक आस्थाको केन्द्रका रूपमामात्र हेर्नु अपूरो हुन्छ । समाजशास्त्रीय दृष्टिले हेर्दा यो धाम जातीय विभेदविरुद्धको ऐतिहासिक आन्दोलनको प्रतीकजस्तै देखिन्छ ।

आज पनि यस धाममा दलित पुजारीबाट टीका लगाउने, प्रसाद लिने, पूजा गराउने परम्परा कायम छ । यहाँ आउने भक्तजनले पुजारीको जात हेरेर पूजा गराउने परम्परा छैन । ब्राह्मण र दलित पुजारी एउटै स्थानमा बसेर संयुक्तरूपमा पूजा गर्ने, धार्मिक अनुष्ठान सञ्चालन गर्ने र भक्तजनलाई प्रसाद वितरण गर्ने परम्परा अझै कायम छ । ‘यसले समाजमा समानता, सहअस्तित्व र समावेशिताको सन्देश दिन्छ,’ धामका वरिष्ठ प्रचारकका रूपमा रहेका कोलीले भने, ‘धार्मिक स्थल भएर पनि यसले सामाजिक परिवर्तनको सन्देश दिइरहेको छ, सामाजिक विभाजनभन्दा सामाजिक एकता महत्त्वपूर्ण हुन्छ भन्ने सन्देश यो धामले ४०० वर्षदेखि दिइरहेको छ ।’

धार्मिक मान्यताअनुसार वनारसीधामको वर्णन स्कन्द महापुराणको मानसखण्डमा गरिएको पाइन्छ । उक्त ग्रन्थमा भगवान् शिवले आफ्‌ना गण, गन्धर्व, यक्ष, किन्नर, दिक्पाल, लोकपाल आदिलाई निर्देशन गरी रमणीय पुरी निर्माण गरेर त्यहाँ ज्योतिर्लिंग स्थापना गराएको उल्लेख छ । यो धाम सरयू र गोमती नदीको संगम क्षेत्र, नील पर्वतको फेदी र असीबरुणको मध्य भागमा रहेको सुन्दर वनारसीपुरीमा स्थापित भएको मानिन्छ ।

यहाँको विश्वनाथ ज्योतिर्लिंगलाई ८४ रूप धारण गर्ने, २२ तालमा स्नान गर्ने, १२ मसानको गुरु, ८४ सिद्धबाट सम्मानित तथा १६ शिवालयको गुरुका रूपमा पूजा गरिन्छ भन्ने धार्मिक विश्वास रहेको छ । यही कारणले यो धामलाई शक्तिपीठका रूपमा मान्यता पाएको समाजका सदस्य लक्ष्मी भाट बताउँछन् । वनारसीधाममा विभिन्न पर्व तथा समयमा लाग्ने धार्मिक मेलामा भारत र नेपालका विभिन्न क्षेत्रका हजारौं भक्तजन आउने गर्छन् । विशेषगरी माघ महिनामा लाग्ने २२ ताल कुम्भ मेला प्रख्यात रहेको छ । जसमा २२ वटा जलाशयबाट पानी संकलन गरेर मुख्य शिवलिंगमा स्नान गराउने विशेष परम्परा रहेको छ ।

वनारसीधाममा नेपालका सुदूरपश्चिमका जिल्लाहरूमात्र होइन, भारतका उत्तराखण्ड, उत्तरप्रदेश, पञ्जाब, लखनऊ, कर्नाटकलगायत विभिन्न स्थानबाट भक्तजन आउने गर्दछन् । यसले यो धामको सीमापार धार्मिक महत्त्व पनि देखाउँछ । परम्पराअनुसार विभिन्न क्षेत्रबाट चिनोबानो, सुनचाँदी, गरगहना, पञ्चेबाजा, नेजा-ध्वजासहित भक्तजन पूजा गर्न आउने परम्परा रहेको धाम क्षेत्रका जानकार गोपालसिंह भाट बताउँछन् । उचित प्रचारप्रसार, सडक पहुँच, पुल निर्माण, धर्मशाला, खानेपानी, शौचालय, बस्ने व्यवस्थालगायतका पूर्वाधार विकास गर्न सकियो भने वनारसीधाम धार्मिक पर्यटनको महत्त्वपूर्ण केन्द्र बन्नसक्ने सम्भावना उच्च रहेको उनको भनाइ रहेको छ ।

मन्दिरको पूजा-अर्चना र व्यवस्थापनका लागि वनारसीधाम विश्वनाथ गुठीको नाममा ६६६ रोपनी जग्गा व्यवस्थापन गरिएको छ । स्थानीय व्यवस्थापन समितिले चन्दा र सहयोगबाट मन्दिर निर्माण, सिँढी, पर्खाल, जीर्णोद्धारलगायत कार्य पूरा गरेको छ । यस क्षेत्रमा ७५ फिट अग्लो मन्दिर निर्माण कार्यसमेत स्थानीय प्रयासबाट सम्भव भएको छ । यसले स्थानीय समुदायको सक्रियता देखाउँछ तर यति ठूलो धार्मिक र ऐतिहासिक महत्त्व बोकेको धामको विकास केवल स्थानीय प्रयासबाट मात्र सम्भव छैन ।

वनारसीधाम क्षेत्रको समग्र विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ । करिब १८ करोड ८० लाख रूपैयाँ बराबरको डिपिआर तयार गरिएको छ तर हालसम्म राज्यबाट अत्यन्त न्यून बजेटमात्र प्राप्त भएको समाजका अध्यक्ष उत्तरबहादुर चन्दले बताए । ‘धाम क्षेत्रका भौतिक संरचना निर्माण गर्दा धाम समितिलाई १६ लाख रूपैयाँभन्दा बढी ऋण लागेको छ,’ उनले भने, ‘विभिन्न निकायमा संरचना निर्माण कार्य पूरा गर्नका लागि बजेटको माग गर्दै धायौं तर कुनै पनि निकायले हालसम्म बजेट व्यवस्थापनको कार्य गर्न सकेका छैनन् ।’

धाम क्षेत्रको विकासका लागि नदीमा पुल निर्माण, मन्दिरसम्म सडक विस्तार, धर्मशाला निर्माण, शौचालय र खानेपानी व्यवस्था, तटबन्ध निर्माण, पर्खाल र संरक्षण कार्य, धार्मिक पर्यटकका लागि बस्ने व्यवस्थालगायतका भौतिक पूर्वाधार आवश्यक भएको उनी बताउँछन् । ‘दलित समुदाय पुजारी रहेको सुदूरपश्चिम क्षेत्रमा विशिष्ट पहिचान बोकेको यो मात्रै एक धार्मिक क्षेत्रका रूपमा रहेको छ,’ अध्यक्ष चन्दले भने, ‘दलित समुदायनै धाम क्षेत्रका हर्ताकर्ताका रूपमा पुर्खौंदेखि रहँदै आएका छन्, सामाजिक समानता बोकेको यस धामको विकासका लागि सबैको सहयोगको खाँचो छ ।’

यी सबै कामका लागि ठूलो बजेट आवश्यक भए पनि आर्थिक अभावका कारण काम अघि बढ्न नसकेको उनले बताए । उनी भन्छन्, ‘मन्दिर नजिकै नदी छ, पुल नभएका कारण भक्तजनलाई घुमेर जानुपर्ने बाध्यता रहेको छ, छोटो दूरी पार गर्न पनि लामो समय लाग्ने गर्दछ, भीर चढेर जानुपर्ने अवस्था छ ।’ वनारसीधामलाई व्यवस्थितरूपमा विकास गर्न सकियो भने यस क्षेत्रको आर्थिक अवस्था परिवर्तन हुन सक्ने उनको भनाइ रहेको छ ।

धार्मिक पर्यटन विकास भएमा होटल व्यवसाय, पसल, यातायात, गाइड सेवा, हस्तकला, स्थानीय कृषि उत्पादन बिक्री, सांस्कृतिक कार्यक्रमजस्ता क्षेत्रबाट स्थानीयलाई रोजगारी र आम्दानीको अवसर सिर्जना हुने धामका मूल पुजारी धिरे लुहार बताउँछन् । ‘वनारसीधाममा पनि धार्मिक, ऐतिहासिक र सामाजिक महत्त्व भएकाले उचित लगानी गरियो भने यो धाम सुदूरपश्चिमकै प्रमुख धार्मिक पर्यटन गन्तव्य बन्न सक्छ,’ उनले भने, ‘इतिहास, धार्मिक महत्त्व, सामाजिक सन्देश र पर्यटन सम्भावना हुँदाहुँदै पनि वनारसीधाम राज्यको प्राथमिकतामा पर्न सकेको छैन ।’

समानताको सन्देश बोकेको यस्तो ऐतिहासिक, धार्मिक र सामाजिक महत्त्व बोकेको धाम आर्थिक अभाव, पूर्वाधारको कमी र राज्यको उपेक्षाका कारण अपेक्षित रूपमा विकास हुन नसकेको उनको भनाइ छ । उनी भन्छन्, ‘वनारसीधामको कथा एउटा मन्दिरको कथामात्र होइन, यो विभेदविरुद्धको इतिहास, समानताको सन्देश र विकासको सम्भावनाको कथा भएकाले धार्मिक सहअस्तित्वको महत्त्वपूर्ण धरोहरका रूपमा यसलाई हेर्न आवश्यक छ ।’ *रासस*



**गोठेमल बारीमा लगिँदै** | **दाङको घोराही उपमहानगरपालिका-१२ स्थित सिस्नेरी गाउँका महिला बारीमा मल छरेर खनजोत गरी मकै रोप्नका लागि गोठेमल बारीतर्फ लैजाँदै ।** तस्बिर: रासस

## शुक्लाफाँटामा सकियो बाघ गणना

**कञ्चनपुर (प्रस)–** कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना सम्पन्न भएको छ । राष्ट्रिय बाघ सर्वेक्षण कार्यक्रमअन्तर्गत शुक्लाफाँटा-लालझाडी-जोगबुढा कम्प्लेक्समा बाघ गणनाको काम सम्पन्न भएको निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले जानकारी दिए ।

गत फागुन अन्तिम सातादेखि ‘क्यामरा ट्र्यापिङ’ विधिबाट सुरु गरिएको राष्ट्रिय बाघ गणनाको फिल्डको काम सकिएर क्यामरा संकलन भइरहेको हो । ‘शुक्लाफाँटा र डिभिजन वनअन्तर्गत राखिएका क्यामराहरू संकलन भइसकेका छन्,’ उनले भने, ‘संकलन भएका क्यामराका तस्बिरहरूको विश्लेषण गरेर बाघको संख्या पत्ता लगाइन्छ ।’

यहाँ प्रत्येक चार वर्षमा बाघ गणना हुँदै आएको छ । बाघ गणनाका लागि ७७ जनाको प्राविधिक टोलीसहित ५२० स्वचालित क्यामरा जडान गरिएका थिए । सन् २०२२ को राष्ट्रिय गणनाअनुसार निकुञ्जमा ३६ वटा बाघ थिए ।

निकुञ्ज कार्यालयले हरेक वर्ष बाघको आन्तरिक सर्वेक्षण गर्ने गर्दछ । निकुञ्जको आन्तरिक सर्वेक्षणअनुसार यहाँ ४३ वटा बाघ छन् । यस पटकको राष्ट्रिय गणनामा पनि सोही संख्यामा बाघको संख्या हुन सक्ने अनुमान संरक्षण अधिकृतहरूको छ । ‘निकुञ्जको आन्तरिक सर्वेक्षणमा ४३ वटा बाघ छन्, एकै वर्षमा धेरै संख्या नबढेका हुनसक्छन्,’ संरक्षण अधिकृत वाग्लेले भने, ‘यसपटकको राष्ट्रिय गणनामा पनि त्यही संख्या हुनसक्छ ।’


### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Mass Holdings Pvt. Ltd.** कम्पनीले India बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wine Cooler | 1400x600x700 MM | ELANPRO | EWG 130D | 1000 L | INDIA | PCS | 180000.00 | 180000.00 |
| 2 | Sushi Display | 1500X450X300 MM | ELANPRO | G-SSS 1500 | 150 L | INDIA | PCS | 207000.00 | 207000.00 |
| 3 | Confectionar Showcase | 1190X900X700 MM | ELANPRO | EDC 902F3-Classic | 800 L | INDIA | PCS | 206000.00 | 206000.00 |

**विक्रेताको फर्मको नाम** : Mass Holdings Pvt. Ltd. | **स्थायी लेखा नम्बर** : 606560816
**ठेगाना** : Dhumbarahi, Kathmandu | **फोन नं** : 9802305411

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Mass Holdings Pvt. Ltd.** कम्पनीले India बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | REFRIGERATOR CHILLER SET | 2650X2360X2600 | ICOLD | 2 TON | INDIA | PCS | 670500.00 | 670500.00 |
| 2 | REFRIGERATOR CHILLER SET | 2650X2070X2600 | ICOLD | 2 TON | INDIA | PCS | 654000.00 | 654000.00 |
| 3 | REFRIGERATOR FREEZER SET | 1780X2650X2600 | ICOLD | 3 TON | INDIA | PCS | 720000.00 | 720000.00 |
| 4 | REFRIGERATOR CHILLER ROOM | 2510X2650X2600 | ICOLD | 2 TON | INDIA | PCS | 642000.00 | 642000.00 |
| 5 | REFRIGERATOR FREEZER SET | 3380X2360X2600 | ICOLD | 3 TON | INDIA | PCS | 895000.00 | 895000.00 |
| 6 | REFRIGERATOR FREEZER SET | 3240X2360X2600 | ICOLD | 3 TON | INDIA | PCS | 780500.00 | 780500.00 |

**विक्रेताको फर्मको नाम** : Mass Holdings Pvt. Ltd. | **स्थायी लेखा नम्बर** : 606560816
**ठेगाना** : Dhumbarahi, Kathmandu | **फोन नं** : 9802305411

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Mass Holdings Pvt. Ltd.** कम्पनीले India बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.न. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blast Refrigeration System | 1500X850X800 MM | STELLAR | | 5 TON | INDIA | PCS | 1280000.00 | 1280000.00 |
| 2 | Back Bar Beverage Chiller With Two Doors | 900X530X840MM | STELLAR | BBC2D BLACK | 600 L | INDIA | PCS | 154000.00 | 154000.00 |
| 3 | Double Door Visi Cooler 900L With Canopy | 1200X600X2000 MM | STELLAR | VC900 | 900 L | INDIA | PCS | 143500.00 | 143500.00 |
| 4 | Ice Cube Machine Dice Shape 36kg With Bin, With Bottle Insert | 500X450X800 MM | STELLAR | IC-40 BW | 40 KG | INDIA | PCS | 103000.00 | 103000.00 |
| 5 | Visi Cooler 650L | 700X700X200 MM | STELLAR | VC-650 | 650 L | INDIA | PCS | 120500.00 | 120500.00 |
| 6 | Two Door Upright Chiller GN 650L | 700X860X2000 MM | STELLAR | SGUC 650 HD | 650 L | INDIA | PCS | 174500.00 | 174500.00 |
| 7 | Parts of Blast Freezer (Storage) | 36X18 | STELLAR | | | INDIA | PCS | 20550.00 | 20550.00 |
| 8 | Parts of Blast Freezer (Storage) | 48X18 | STELLAR | | | INDIA | PCS | 36200.00 | 36200.00 |

**विक्रेताको फर्मको नाम** : Mass Holdings Pvt. Ltd. | **स्थायी लेखा नम्बर** : 606560816
**ठेगाना** : Dhumbarahi, Kathmandu | **फोन नं** : 9802305411

### अधिकतम खुद्राबिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.ले India बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्राबिक्री मूल्य (MRP) निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपसिल**

| S. No. | Description of Goods | Type | Size | Brand | Country of origin | Unit | Per Unit (Price) | MRP (Rs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OLRF100 | Refrigerator | 100L | OLIVE | India | PCS | 21600.00 | 21600.00 | |
| 2 | OLRF180PLRE | Refrigerator | 180L | OLIVE | India | PCS | 26900.00 | 26900.00 | |
| 3 | OLRF180PLSV | Refrigerator | 180L | OLIVE | India | PCS | 26900.00 | 26900.00 | |
| 4 | OLRF180BFW | Refrigerator | 180L | OLIVE | India | PCS | 27700.00 | 27700.00 | |
| 5 | OLRF190BFB | Refrigerator | 180L | OLIVE | India | PCS | 27700.00 | 27700.00 | |
| 6 | OLRF190BFW | Refrigerator | 190L | OLIVE | India | PCS | 28700.00 | 28700.00 | |
| 7 | OLRF190BFB | Refrigerator | 190L | OLIVE | India | PCS | 28700.00 | 28700.00 | |
| 8 | OLRF200BFW | Refrigerator | 200L | OLIVE | India | PCS | 30400.00 | 30400.00 | |
| 9 | OLRF200BFB | Refrigerator | 200L | OLIVE | India | PCS | 30400.00 | 30400.00 | |
| 10 | OLRF215BFW | Refrigerator | 215L | OLIVE | India | PCS | 31800.00 | 31800.00 | |
| 11 | OLRF215BFB | Refrigerator | 215L | OLIVE | India | PCS | 31800.00 | 31800.00 | |

**ओराकल इलेक्ट्रोनिक्स प्रा.लि.**
चावहिल-७, काठमाडौं, नेपाल
एक्जीम कोड नं. : ६०२४२६२६४०१४०NP, फोन नं. : ०१-४३७८५१७

# प्रभाव दैनिक

सोमबार, २३ चैत २०८२ (Monday, 06 April 2026)


रूपशाला

## 'बस्ने भो पिरती दोहोरै' सार्वजनिक

नयाँ दोहोरी गीत 'बस्ने भो पिरती दोहोरै' म्युजिक भिडियो सार्वजनिक भएको छ । गायक रामजी खाँड र गायिका बिन्दु परियारले स्वर दिएको उक्त गीतमा भरत डिसीको शब्द तथा खेमराज गौत्तमको लय सिर्जना रहेको छ । गीतमा प्रेमील जोडीको प्रेमका रंगहरूलाई आकर्षकरूपमा परम्परागत दोहोरी शैलीलाई आधुनिक प्रस्तुतीसँग जोड्दै तयार गरिएको छ । गीतको भिडियोमा विजय पुन र सञ्चिता बोलाखेको अभिनय देख्न सकिन्छ ।




# दिक्तेलमा आदिकवि भानुभक्तको सालिक पुनर्निर्माण

**खोटाङ–** दिक्तेल बजारको भानुचोकमा रहेको राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको सालिक पुनर्निर्माण गरिएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयले दिक्तेल बजारको समग्र सौन्दर्यकरणका लागि एक करोड रूपैयाँ बजेट उपलब्ध गराएपछि ठेक्का प्रक्रियामार्फत आदिकवि भानुभक्त आचार्यको सालिक पुनर्निर्माणको काम सम्पन्न गरिएको हो ।



भानुभक्तको सालिकसँगै बजार क्षेत्रका विभिन्न स्थानमा पूर्वाधार विकासका काम गरिएको भौतिक पूर्वाधार विकास कार्यालयका प्रमुख विनम दाहालले जानकारी दिएका छन् । 'दिक्तेल बजारको सौन्दर्यकरण कार्यक्रमअन्तर्गत आदिकवि भानुभक्त आचार्यको अर्धकदको प्रतिमा पहिलेकै स्थानमा राखिएको छ । त्यहाँ आचार्यको ठूलो आकारको मूर्ति सरोकारवालाले नै खरिद गरेर राख्ने सहमति भएको छ,' उनले भने, 'भानुभक्तको सालिक पुनर्निर्माण सकिएसँगै सालिक वरपरका खाली ठाउँमा टाइल जडान, रङरोगन, प्रकाश व्यवस्थापन, बगैंचा निर्माण, चोकको सांकेतिक चिह्न राख्ने तथा आदिकवि भानुभक्तका कविताका केही हरफ समावेश गरेर सौन्दर्यकरण गरिएको छ । यसले दिक्तेल बजारको सौन्दर्यकरणमा थप टेवा पुगेको छ ।'

आदिकवि भानुभक्तको सालिक पुनर्निर्माणअन्तर्गतकै योजनाबाट जिल्ला प्रहरी कार्यालयको प्रवेशद्वार अगाडिदेखि भानुचोकहुँदै लोकसेवा आयोगको कार्यालय तथा लोकसेवा आयोगको कार्यालयदेखि नेपाली कांग्रेसको पार्टी कार्यालयसम्म सडक सुधार तथा निर्माणको काम गरिएको छ । यसका साथै दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ भित्रका केही सडक निर्माणका कामसमेत सम्पन्न भएको कार्यालयले जनाएको छ ।

भानुचोकमा भानुभक्तको सालिक पुनर्निर्माणका लागि कार्यालयले गत कात्तिक २ गते बोलपत्र आह्वान गरेको थियो । लामो समयदेखि जीर्ण तथा अव्यवस्थित अवस्थामा रहेको भानुभक्तको सालिकलाई व्यवस्थित, सुरक्षित र आकर्षक बनाउने उद्देश्यसहित पुनर्निर्माणको प्रक्रिया अघि बढाइएको थियो ।

सौन्दर्यकरणको काम सम्पन्न भएपछि दिक्तेल बजारको संरचनागत व्यवस्थापन तथा ऐतिहासिक, साहित्यिक र पर्यटकीय महत्त्व थप उजागर भएको छ । पुरानो संरचनाका घरहरू रहेको दिक्तेल बजारको मुहार कोशी प्रदेश सरकारको लगानीमा विस्तारै फेरिँदै गएको महसुस गरिएको छ ।

जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारको सडक ढलानको कामसमेत सम्पन्न भएको छ । वि.सं. २०७६ मा सुरु गरिएको दिक्तेल बजारको सडक ढलानको कामले सात वर्षपछि बल्ल पूर्णता पाएको हो । दिक्तेल बजारस्थित किरात चोकदेखि हाडडाँडासम्मको भित्री सडक ढलान भएसँगै अब हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने समस्याको अन्त्य भएको छ । कुनै समय धूलो र हिलोका कारण हिँड्नसमेत नसकिने अवस्थामा रहेको दिक्तेल बजारको कच्ची सडकले सबैलाई सास्ती दिएको थियो ।

लामो समयको प्रतीक्षापश्चात पूरै सडक ढलान भएपछि दिक्तेल बजारको मुहार नै फेरिएको उद्योग वाणिज्य संघका अध्यक्ष राजनप्रसाद आचार्यले बताएका छन् । साँघुरो, हिलाम्मे र धुलाम्मे अवस्थाको दिक्तेल बजारको सडक संघ र प्रदेश सरकारले उपलब्ध गराएको बजेटले पूरै ढलान भएको हो । *रासस*

# नेपाली लेखक संघ कास्कीको अध्यक्षमा अथक



**गण्डकी (प्रस)–** नेपाली लेखक संघ कास्कीको छैटौं अधिवेशनले कमल पौडेल (अथक) को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ ।

समितिको उपाध्यक्षमा चन्द्रावती वाग्ले, सचिवमा रोशन तिमिल्सिना, सहसचिवमा वसन्त चालिसे, कोषाध्यक्षमा गायत्री पराजुली र सदस्यमा भेषराज पौडेल निर्वाचित भएका छन् । यसअघि संघकी सल्लाहकार लक्ष्मी थापाको संयोजकत्वमा हिममाया पौडेल र अमृत क्षेत्री सदस्य रहेको निर्वाचन समिति गठन गरिएको थियो ।

समितिका अन्य सदस्य तथा सल्लाहकारहरू अब बस्ने कार्यसमिति बैठकले चयन गर्ने नवनिर्वाचित अध्यक्ष अथकले जानकारी दिए ।

रंगशाला

# भलिबलको एउटै टिममा परिवारका चार जना

**म्याग्दी–** यहाँको धवलागिरि गाउँपालिका-३ फलियागाउँको एउटा भलिबल टिममा एकै घरका चार जना सहभागी छन् । छ जना खेलाडी आवश्यक पर्ने भलिबल टिममा सबहादुर गोतामे र उनका तीन छोराहरू स्थायी सदस्य हुन् । ४२ वर्षीय सबहादुरका २० वर्षीय नरेश, १९ वर्षीय नवीन र १७ वर्षीय केशव भलिबलका खेलाडी छन् ।



दुई जना परिवार बाहिरका खेलाडीलाई थपेर विभिन्न ठाउँमा आयोजना हुने भलिबल प्रतियोगितामा प्रतिस्पर्धा गर्ने उनीहरू 'घरपरिवार भलिबल' समूहका नामले चिनिन थालेका छन् । 'बुबा सबहादुर सानैदेखि भलिबल खेल्दै आउनुभएको छ,' नरेशले भने, 'हामी पनि बुबाको खेल कलाबाट प्रभावित भएर भलिबल खेल्न सिकेका र घरपरिवारकै टिम बनाएर प्रतियोगितामा खेल्न थालेका हौं ।' कक्षा १२ उत्तीर्ण गरेका नरेशले बुबाको घोडा व्यवसायलाई सघाउँदै आएका छन् । नवीन र केशव फलियागाउँको कक्षा १२ मा अध्ययनरत छन् ।

एकै किसिमका अग्लो र पातलो जिउडाल भएका सबहादुर र उनका छोरा भलिबल टिमको सेटर, रेज, लिब्रोलगायत सबै खेलाडीको भूमिका निभाउन सक्छन् । घरपरिवार भलिबल समूहले हालै धवलागिरि गाउँपालिका-७ धारापानी र वडा नं २ खोरियामा आयोजित प्रतियोगितामा उपाधि जितेको छ ।

नवीन र केशवले धवलागिरि गाउँपालिकाले पछिल्लोपटक आयोजना गरेको राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा एथलेटिक्सतर्फ तीन/तीनवटा स्वर्ण पदक दिलाउँदै जनता माविलाई विजयी बनाउन योगदान गरे । नरेशले पनि धवलागिरि गाउँपालिकाको तर्फबाट प्रदेशस्तरीय भलिबल प्रतियोगितामा सहभागी हुने अवसर पाएका छन् ।

नरेश र नवीनले प्रदेशस्तरीय दौड र ज्यावलिङ थ्रो प्रतियोगितामा पनि भाग लिएका छन् । केशवले गत माघमा जिल्ला भलिबल संघले आयोजना गरेको म्याग्दी कप भलिबल प्रतियोगितामा उत्कृष्ट सेटरको उपाधि जितेका थिए । मध्यमवर्गीय पारिवारिक पृष्ठभूमि भएका सबहादुर कतारमा दुई वर्ष रोजगारी गरेर फर्किएका हुन् । कतारबाट फर्किएपछि ढुवानी व्यवसायका लागि सबहादुरले घोडापालन गर्दै आएका छन् ।

आठवटा घोडा पालेका सबहादुर घोडामा बोकाएर तरकारी र फलफूल बिक्रीका लागि गाउँठाउँमा पनि पुग्ने गर्छन् । फुर्सदको समय र मेलाजात्रामा उनीहरूको टोली भलिबल प्रतिस्पर्धा गर्न जान्छन् । उनीहरूको खेल मन पराएर दर्शकले आर्थिक सहयोगका साथै पोसाक सहयोग गर्न थालेका छन् । मुना घर भई हाल अस्ट्रेलियामा रहेका इम रोकाले शनिबार २७ हजार रूपैयाँ मूल्यबराबरको जर्सी र ट्र्याक उपलब्ध गराएका छन् । अमेरिकामा रहेका दलबल रोका, टेक रसाइली र अस्ट्रेलियाबाट ठहरबहादुर भण्डारीले पनि उनीहरूलाई जर्सी सहयोग गरेका छन् ।

'सहयोगले हामीलाई भलिबल खेलमा निरन्तर सक्रिय हुन हौसला मिल्नुका साथै उत्साह पैदा भएको छ,' सबहादुरले भने, 'शारीरिक अवस्थाले साथ दिँदासम्म भलिबल खेलमा निरन्तर सक्रिय रहने छु ।' *रासस*


## मलेसियामा रोजगार

कम्पनी : OREN SPORT SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | LT. No. 340385 | चलानी नं. ६०२५३८५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Trasport Labour | 70 | 0 | 1700 | ६२,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ३० गते (13th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, 9803243166/9818224732 E-mail: wh.adm77427@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : REAL PULP MOULDING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | LT. No. 340417 | चलानी नं. ६०२५३८२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 17 | 0 | 1700 | ६२,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ३० गते (13th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R.K.H.R. SOLUTION PVT.LTD.** Govt. License 1565/079/80

KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861,
Mob: 9818024001, 9801820670, 9801820669, 980-3923907, E-mail : rkhrsolution2022@gmail.com

## मलेसियामा रोजगार

कम्पनी : INTEGRATED FORMWAY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/२० | LT. No. 340354 | चलानी नं. ६०२५३८१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1700 | ६३,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ३० गते (13th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.** License No. : 333/059/60

Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

## साइप्रसमा रोजगार

कम्पनी : MAVROMATICS AGENCY

पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | LT. No. 340418 | चलानी नं. ६०२५३८३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | 900 | १५४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen helper | 6 | 0 | 750 | १२८,६८० | | | | | | | |
| 3. | House keeping | 2 | 2 | 750 | १२८,६८० | | | | | | | |
| 4. | Waiter/Waitress | 2 | 2 | 750 | १२८,६८० | | | | | | | |
| 5. | Hostess | 0 | 1 | 750 | १२८,६८० | | | | | | | |
| 6. | Bartender | 1 | 0 | 750 | १२८,६८० | | | | | | | |
| 7. | Sales Girl | 0 | 3 | 750 | १२८,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ३० गते (13th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ALI OVERSEAS PVT. LTD.** Govt. License 722/064/065

Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## RBA COMPLIANCE
## शुन्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारको अवसर !!
## आर.बि.ए. मापदण्ड

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

COMPANY: C-PAK CERGAS SDN BHD
कम्पनी : सी-पाक सर्गास एसडीएन बीएचडी

Pre Approval Date : 2026/04/03 | LT. No. 340355 | Invoice No. 60253816
पूर्व स्वीकृति मिति : २०८२/१२/२० | एल टि न. ३४०३५५ | चलानी नं. ६०२५३८१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 65 | 0 | 1700 | ६२,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

नोट: आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने / Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने / Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने / Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिन / Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने / Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने / Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने / How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने / Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer

सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रकिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Suhasha Link Pvt. Ltd. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

The final interview will be conducted in the office on 13th April 2026.
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ३० गते हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

**SUHASHA LINK PVT. LTD.** License No. : 333/059/60

Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4962338



भ्याटिकनको सेन्ट पिटर स्क्वायरमा पवित्र हप्ताको उत्सवअन्तर्गत इस्टर मासको अन्त्यमा आयोजित र्‍यालीमा सहभागी पादरीहरू ।
*तस्बिरः एएफपी*

# चन्द्र अध्ययनमा मानव आँखाको भरोसा

**वासिङ्टन–** अत्याधुनिक प्रविधिको युगमासमेत चन्द्रमाको अध्ययनका लागि नासाले फेरि मानव आँखामाथि नै भरोसा गर्न लागेको छ । मानवले पहिलोपटक चन्द्रमाको वरिपरि उडान गरेको पाँच दशकभन्दा बढी समयपछि आर्टेमिस-२ का अन्तरिक्षयात्रीहरूले सोमबार उक्त उपलब्धि दोहोऱ्याउँदै चन्द्र सतहको अवलोकन आफ्नै आँखाबाट गर्ने तयारी गरेका छन् ।

अपोलो मिसनपछि प्रविधिमा ठूलो प्रगति भए पनि नासाका वैज्ञानिकहरू अझै पनि प्रत्यक्ष मानवीय दृष्टिलाई अपरिहार्य ठानिरहेका छन् । आर्टेमिस-२ मिसनका प्रमुख वैज्ञानिक केल्सी यङका अनुसार मानव आँखा आफैँमा सबैभन्दा सक्षम 'क्यामरा' हो, जसले सूक्ष्म विवरण र रङहरू क्यामराभन्दा प्रभावकारीरूपमा छुट्याउन सक्छ । उनले मानव आँखामा रहेका रिसेप्टरहरूको संख्या अत्यधिक हुने भएकाले दृश्य विश्लेषणमा यसको भूमिका महत्त्वपूर्ण रहने बताए ।

आधुनिक क्यामराहरू केही पक्षमा अगाडि भए पनि मानव आँखाको रङ छुट्याउने क्षमता, सन्दर्भ बुझ्ने क्षमता र प्रकाशसँगको अन्तरक्रिया विश्लेषण गर्ने क्षमता अझै अद्वितीय रहेको उनको भनाइ छ । प्रकाशको कोण बदलिँदा सतहको बनावट र रङ कसरी परिवर्तन हुन्छ भन्ने कुरा मानिसले सहजरूपमा बुझ्न सक्छन्, जुन वैज्ञानिकरूपमा अत्यन्त उपयोगी मानिन्छ ।

ओरियन अन्तरिक्षयानका चालक भिक्टर ग्लोभरले प्रस्थानअघि मानव आँखालाई 'जादुई उपकरण'का रूपमा वर्णन गरेका थिए । अन्तरिक्ष यात्रामा उनीहरूले प्रत्यक्ष अवलोकनमार्फत चन्द्र सतहका सूक्ष्म परिवर्तनहरू पहिचान गर्ने अपेक्षा गरिएको छ ।

यस मिसनका चार सदस्यीय टोलीले दुई वर्षभन्दा बढी समय कठोर प्रशिक्षणमा बिताएका छन् । कक्षाकोठा अध्ययनसँगै आइसल्याण्ड र क्यानाडामा गरिएको भूगर्भीय अभ्यास तथा चन्द्र उडानका सिमुलेसनमार्फत उनीहरूलाई 'फिल्ड वैज्ञानिक' बनाउने लक्ष्य राखिएको थियो ।



अमेरिकी अन्तरिक्षयात्री रिड वाइजम्यान, भिक्टर ग्लोभर र क्रिस्टिना कोचसँगै क्यानाडाका जेरेमी हच्यानसेनले चन्द्रमाका १५ प्रमुख भू-विशेषताहरू कण्ठ पारेर आफूलाई अभिमुखीकरण गर्न अभ्यास गरेका छन् ।

प्रशिक्षणका क्रममा इनफ्लेटेबल चन्द्र ग्लोब प्रयोग गरी सूर्यको कोणले सतहको रङ र बनावटमा पार्ने प्रभाव अवलोकन गरिएको थियो । यसले उनीहरूको अवलोकन क्षमता र नोट लिने सीपलाई अझ परिस्कृत बनाएको वैज्ञानिकहरूको विश्वास छ । केल्सी यङका अनुसार टोली उत्साहितमात्र होइन, पूर्णरूपमा तयार पनि छ ।

मिसनअन्तर्गत अन्तरिक्षयात्रीहरूले नासाले तय गरेका १० प्रमुख वैज्ञानिक उद्देश्यअनुसार विभिन्न चन्द्रस्थलहरूको अध्ययन गर्ने छन् । चन्द्रमाको वरिपरि हुने उडान केही घन्टासम्म चल्ने छ, जसमा उनीहरूले क्यामरासँगै आफ्नै आँखाबाट प्रत्यक्ष अवलोकन गर्ने छन् ।

नासाका ग्रह भू-अध्ययन प्रमुख नोआ पेट्रोका अनुसार चन्द्रमा अन्तरिक्षयात्रीहरूलाई हातको दूरीमा राखिएको बास्केटबलजस्तो देखिने छ । उनले सबैभन्दा चासोको विषय चन्द्र सतहमा देखिने सूक्ष्म रङहरूको पहिचान हुने बताए, जसले त्यहाँको संरचना र इतिहासबारे महत्त्वपूर्ण संकेत दिन सक्छ ।

लुनार एण्ड प्लेनेटरी इन्स्टिच्युटका डेभिड क्रिङले अपोलो युगपछि धेरै उच्च-रिजोलुसन तस्बिरहरू उपलब्ध भइसकेकाले नयाँ ठूलो खोजको सम्भावना कम भए पनि अन्तरिक्ष यात्रीहरूले प्रत्यक्ष देखेका विवरणहरूको वर्णन आफैंमा ऐतिहासिक हुने बताए । उनका अनुसार यस्तो प्रत्यक्ष अनुभव कम्तीमा दुई पुस्ताले पहिलोपटक सुन्न पाउने छन् ।

आर्टेमिस-२ को उडान नासाले प्रत्यक्ष प्रसारण गर्ने छ, यद्यपि अन्तरिक्षयान चन्द्रमाको पछाडिपट्टि पुग्दा केही समय सम्पर्क विच्छेद हुने छ । केल्सी यङले सिमुलेसनका क्रममा अन्तरिक्षयात्रीहरूले दिएका विवरण सुन्दा नै रोमाञ्चक अनुभूति भएको उल्लेख गर्दै वास्तविक उडानमा अझ असाधारण अवलोकन आउने विश्वास व्यक्त गरे । *रासस/एएफपी*

# साउदी अरबद्वारा 'शम्स' उपग्रह सफल प्रक्षेपण

**रियाद–** साउदी अरबले शनिबार 'शम्स' नामक उपग्रह सफलतापूर्वक प्रक्षेपण गर्दै अन्तरिक्ष क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । साउदी प्रेस एजेन्सीका अनुसार उक्त उपग्रह अन्तरिक्ष प्रक्षेपण प्रणालीमार्फत 'आर्टेमिस-२' अभियानअन्तर्गत अन्तरिक्षमा पठाइएको हो ।

यस सफलतासँगै साउदी अरब आर्टेमिस कार्यक्रमअन्तर्गतको अभियानमा सहभागी हुने पहिलो अरब राष्ट्र बनेको छ, जसलाई अन्तरिक्ष क्षेत्रमा ऐतिहासिक उपलब्धिका रूपमा हेरिएको छ ।

आर्टेमिस-२ अभियान अन्तरिक्ष अनुसन्धान र प्रविधि विकासलाई तीव्र बनाउने उद्देश्यसहित सञ्चालन भइरहेको अन्तर्राष्ट्रिय सहकार्य कार्यक्रमको दोस्रो




चरण हो । यस अभियानमार्फत विभिन्न देशहरूले संयुक्तरूपमा नयाँ प्रविधि विकास, वैज्ञानिक अनुसन्धान र अन्तरिक्ष अन्वेषणमा सहकार्य गरिरहेका छन् ।

'शम्स' उपग्रह पृथ्वीभन्दा करिब ५०० किलोमिटरदेखि ७० हजार किलोमिटरसम्मको उचाइमा फैलिएको दीर्घवृत्ताकार कक्षमा सञ्चालन हुने छ । यस्तो कक्षले उपग्रहलाई पृथ्वी वरपर व्यापक क्षेत्र समेट्ने क्षमता दिन्छ, जसले सौर्य गतिविधि र विकिरणको विस्तृत रूपमा निगरानी गर्न सहज बनाउँछ ।

उक्त उपग्रहबाट प्राप्त हुने तथ्यांकले अन्तरिक्ष मौसमसम्बन्धी अनुसन्धानमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । यसले सौर्य गतिविधिबाट उत्पन्न हुने प्रभावहरू (जस्तैः सञ्चार प्रणाली, उपग्रह सञ्चालन तथा विद्युतीय संरचनामा पर्ने असर) सम्बन्धी अध्ययनलाई अझ प्रभावकारी बनाउने छ ।

यस प्रक्षेपणले साउदी अरबको अन्तरिक्ष क्षेत्र विकास गर्ने दीर्घकालीन रणनीति पनि झल्काउँछ । देशले प्रविधिमा नवप्रवर्तन प्रोत्साहन गर्ने, दक्ष जनशक्ति उत्पादन गर्ने र अन्तर र्‍ाष्ट्रिय साझेदारी विस्तार गर्ने लक्ष्य राखेको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार 'शम्स' उपग्रहले साउदी अरबलाई अन्तरिक्ष विज्ञान तथा अनुसन्धानमा नयाँ उचाइमा पुऱ्याउनेमात्र नभई विश्वव्यापी वैज्ञानिक सहकार्यमा पनि थप सशक्त भूमिका खेल्न मद्दत गर्ने छ । *रासस/सिन्ह्वा*

# मध्यपूर्वमा युद्धको दायरा विस्तार

## इरानबाट दोस्रो अमेरिकी एयरम्यानको उद्धार



**पेरिस–** मध्यपूर्वमा युद्धको तीव्रता थप बढ्दै जाँदा विभिन्न देशमा आक्रमण, प्रतिआक्रमण र कूटनीतिक टकराव एकैसाथ चर्किएका छन् । पछिल्ला घटनाक्रमहरूले क्षेत्रीय स्थिरता थप जटिल बन्दै गएको संकेत गरेका छन्, जहाँ सैन्य कारबाहीसँगै राजनीतिक चेतावनी र आरोप-प्रत्यारोप पनि तीव्र बनेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानभित्र खसालिएको दोस्रो अमेरिकी एयरम्यानलाई सफलतापूर्वक उद्धार गरिएको जानकारी दिएका छन् । उनका अनुसार उक्त एयरम्यान अहिले सुरक्षित अवस्थामा छन्, यद्यपि उनी घाइते भएको बताइएको छ । उद्धारका लागि अमेरिकी सेनाले उच्च क्षमताका दर्जनौं विमान परिचालन गरेको उल्लेख गरिएको छ । यसैबीच, इरानी सञ्चारमाध्यमहरूले अमेरिकी खोजी अभियानमा संलग्न एक विमान इरानले नष्ट गरेको दाबी गरेका छन् ।

क्षेत्रीय प्रभाव विस्तार हुँदै जाँदा बहराइनमा इरानी आक्रमणपछि एक संरचनामा आगलागी भएको र नागरिक सुरक्षा टोलीले त्यसलाई नियन्त्रणमा लिएको जानकारी दिइएको छ । उक्त घटनामा मानवीय क्षतिको विवरण भने सार्वजनिक गरिएको छैन । त्यस्तै, संयुक्त अरब इमिरेट्सले आफ्नो एल्युमिनियम उद्योगलाई लक्षित गर्दै इरानले मिसाइल र ड्रोन आक्रमण गरेको जनाएको छ, जसको प्रतिकारस्वरूप हवाई सुरक्षा प्रणाली सक्रिय पारिएको छ ।

कुवेतमा पनि इरानी ड्रोन आक्रमणले ऊर्जा पूर्वाधारमा असर पारेको छ । दुई पावर र पानी प्रशोधन केन्द्रमा क्षति पुगेको र दुई विद्युत् उत्पादन एकाइ बन्द गर्नुपरेको अधिकारीहरूले जानकारी दिए । कुवेत सहरको सरकारी भवनमा पनि आक्रमण हुँदा 'महत्त्वपूर्ण' क्षति पुगेको जनाइएको छ, तर कुनै मानवीय क्षति भने रिपोर्ट भएको छैन । कुवेती सेनाले मिसाइल र ड्रोन अवरोध गर्न निरन्तर प्रयास भइरहेको जनाएको छ ।

इजरायलतर्फ लक्षित गर्दै इरानबाट क्षेप्यास्त्र प्रहार गरिएको इजरायली सेनाले पुष्टि गरेको छ । जेरुसेलममा तीव्र विष्फोटका आवाजहरू सुनिएको र कम्तीमा छ वटा विष्फोट भएको प्रत्यक्षदर्शीहरूले बताए । अघिल्लो दिन तेल अभिभ र मध्य इजरायलमा भएका आक्रमणमा पाँच जना घाइते भएको जानकारी दिइएको छ । साथै, यमनबाट इजरायलतर्फ प्रक्षेपण गरिएको क्षेप्यास्त्र पनि पत्ता लागेको र त्यसलाई रोक्न हवाई सुरक्षा प्रणाली परिचालन गरिएको छ ।

इरानको उत्तरपश्चिमी अर्दबिल प्रान्तमा अमेरिका-इजरायलद्वारा गरिएको आक्रमणमा तीन जनाको मृत्यु र तीन जना घाइते भएको इरानी अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । त्यस्तै, अन्य आक्रमणहरूमा आणविक संयन्त्र, औद्योगिक क्षेत्र र पेट्रोकेमिकल केन्द्रहरू लक्षित भएको बताइएको छ, जसमा पाँच जनाको मृत्यु भएको दाबी गरिएको छ । बुसहर आणविक केन्द्र नजिकै भएको आक्रमणमा एक सुरक्षाकर्मीको मृत्यु भए पनि विकीरणस्तरमा वृद्धि नदेखिएको अन्तर्राष्ट्रिय निगरानी निकायले जनाएको छ ।

राजनीतिक मोर्चामा तनाव थप बढेको छ । इरानले ४८ घण्टाभित्र शान्ति सम्झौता नगरे कडा कारबाही गर्ने ट्रम्पको चेतावनी अस्वीकार गरेको छ । इरानी सैन्य नेतृत्वले उक्त चेतावनीलाई असन्तुलित र अविवेकी कदमको संज्ञा दिएको छ । ट्रम्पले भने तेहरानमा भएको आक्रमणमा इरानका धेरै सैन्य नेताहरू मारिएको दाबी गरे ।

यसैबीच, खाडी क्षेत्रमा रणनीतिकरूपमा महत्त्वपूर्ण स्ट्रेट अफ हर्मुजमा आंशिक प्रतिबन्ध कायम राख्दै इरानले इराकी जहाजहरूलाई भने आवतजावतको अनुमति दिएको जनाएको छ । उता, अमेरिकी प्रशासनले इरानी जनरल कासिम सुलेमानीका परिवारका दुई सदस्यलाई आवास अनुमति रद्द गरेपछि पक्राउ गरेको जानकारी दिएको छ, यद्यपि इरानी स्रोतहरूले ती व्यक्तिहरू सम्बन्धित नभएको दाबी गरेका छन् ।

लेबनानको दक्षिणी सहर टायरमा इजरायलले पुनः आक्रमण गरेको छ, जसले अस्पतालसहितका संरचनामा क्षति पुऱ्याएको जनाइएको छ । यसैबीच, टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनले युद्धले भू-रणनीतिक गतिरोध निम्त्याएको उल्लेख गर्दै द्वन्द्व अन्त्यका लागि नयाँ कूटनीतिक पहल आवश्यक रहेको बताएका छन् । *रासस/एएफपी*

# मध्यपूर्व युद्धले युक्रेन ओझेलमा

**इस्तानबुल–** मध्यपूर्वमा चर्किंदै गएको युद्धले युक्रेनलाई अन्तर्राष्ट्रिय प्राथमिकताबाट पछाडि धकेल्न सक्ने चिन्ता युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले व्यक्त गरेका छन् । उनका अनुसार इरान केन्द्रित अमेरिकी-इजरायली सैन्य संलग्नता लम्बिँदै जाँदा वासिङ्टनको ध्यान विभाजित भइरहेको छ, जसले युक्रेनका लागि आवश्यक सैन्य सहयोग अझ कमजोर हुनसक्ने संकेत देखिएको छ ।

इस्तानबुलमा एसोसिएटेड प्रेससँग शनिबार राति भएको विशेष अन्तर्वार्तामा जेलेन्स्कीले स्पष्टरूपमा भने, 'हामीले स्वीकार्नुपर्छ कि हामी अहिले प्राथमिकतामा छैनौं ।' उनले लामो समयसम्म इरानसँगको युद्ध जारी रहे युक्रेनले पाउने सहयोग झन् घट्ने डर व्यक्त गरे ।

युक्रेनले रुसको निरन्तर आक्रमणको सामना गरिरहँदा विशेषगरी अमेरिकी 'पेट्रियट' हवाई रक्षा प्रणालीको आवश्यकता अत्यन्तै बढेको उनले बताए । यी प्रणालीहरू रूसी ब्यालिस्टिक क्षेप्यास्त्र रोक्न महत्त्वपूर्ण मानिन्छन्, तर हालसम्म पर्याप्त संख्यामा उपलब्ध नभएको उनको गुनासो छ । 'यदि इरान युद्ध चाँडै टुंगिएन भने हाम्रो लागि आउने सहायता प्याकेज झन् सानो हुँदै जाने छ,' उनले भने ।

चार वर्षअघि सुरु भएको रुसी आक्रमणपछि युक्रेनका सहरहरू निरन्तर निशानामा परिरहेका छन् । ऊर्जा पूर्वाधारमा आक्रमण हुँदा औद्योगिक उत्पादनमा अवरोध आएको छ भने जाडो मौसममा सर्वसाधारण आधारभूत सुविधाबाटसमेत वञ्चित भएका छन् । हजारौं नागरिकको ज्यान गएको यो द्वन्द्व अझै निर्णायक मोडमा पुग्न सकेको छैन ।

फेब्रुअरीमा मस्को र किएभबीच अमेरिकाको मध्यस्थतामा भएको वार्ता निष्कर्षविहीन बनेको थियो । जेलेन्स्कीले रुसले वार्ता लम्ब्याउने रणनीति अपनाएको आरोप लगाउँदै सम्भावित शान्ति सम्झौताका लागि अमेरिकी पक्षसँग निरन्तर सम्पर्कमा रहेको बताए । यद्यपि, उनका अनुसार ती कूटनीतिक प्रयासहरूले पनि युक्रेनप्रति घट्दो अन्तर्राष्ट्रिय ध्यान झल्काउँछन् ।

मध्यपूर्व युद्धको प्रभाव केवल कूटनीतिक तहमामात्र नभई, आर्थिक र सैन्य सन्तुलनमा पनि देखिएको छ । इरानले स्ट्रेट अफ हर्मुजमा अवरोध सिर्जना गरेपछि तेलको मूल्य बढेको छ, जसबाट रुसलाई अतिरिक्त आम्दानी भइरहेको जेलेन्स्कीले उल्लेख गरे । 'यसले रुसलाई फाइदा पुगेको छ,' उनले भने । यसले रुसको अर्थतन्त्र कमजोर पार्ने युक्रेनको रणनीतिक उद्देश्यलाई चुनौती दिएको छ ।

स्रोतको अभाव बढ्दै जाँदा युक्रेनले युरोपेली साझेदारहरूसँग सहकार्य विस्तार गर्ने प्रयास गरेको छ । साथै, इरानद्वारा प्रयोग गरिएका ड्रोनविरुद्ध लडाइँमा हासिल अनुभव खाडी मुलुकहरूसँग बाँड्ने प्रस्ताव पनि अघि सारेको छ । युक्रेनले कम लागतमा विकसित गरेका इन्टरसेप्टर ड्रोन र समुद्री ड्रोनहरू साझा गर्दै त्यसको बदलामा एन्टी-ब्यालिस्टिक क्षमतामा सहयोग प्राप्त गर्ने रणनीति अघि बढाइएको छ ।

मार्च अन्त्यतिर जेलेन्स्कीले खाडी क्षेत्रको भ्रमण गर्दै रक्षा सहकार्य विस्तार गर्ने प्रयास गरेका थिए । त्यस्तै, विश्वव्यापी व्यापार मार्गको सुरक्षामा सहयोग पुऱ्याउने प्रस्तावस्वरूप स्ट्रेट अफ हर्मुज खुलाउन युक्रेनको अनुभव उपयोगी हुन सक्ने उनको धारणा छ ।

इस्तानबुलमै टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनसँग भएको भेटमा शान्ति वार्ता र सम्भावित उच्चस्तरीय बैठकबारे छलफल भएको जनाइएको छ । दुई देशबीच नयाँ रक्षा सम्झौता हुने सम्भावनासमेत उनले औंल्याए ।

उता, युद्धक्षेत्रमा रुसले वसन्त आक्रमणलाई तीव्र बनाएको छ । करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा युक्रेनी सेना दबाबमा रहेको छ भने रुसले रणनीतिक क्षेत्रमा रक्षा रेखा भत्काउने प्रयास गरिरहेको युक्रेनी सेनाका प्रमुख ओलेक्साण्डर सिरस्कीले बताए । हालसम्म रुसले युक्रेनको करिब २० प्रतिशत भूभाग नियन्त्रणमा राखेको छ । यद्यपि, जेलेन्स्कीले कुनै पनि शान्ति सम्झौतामा भूभाग त्याग्ने विकल्प युक्रेनका लागि स्वीकार्य नहुने स्पष्ट पारेका छन् । *रासस/एपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४००० | प्रति तोला – ० | प्रति तोला – ४८३० |



**काचाल्का सिाचाइ प्रविधि** | चितवनको भरतपुर महानगरपालिका–१६, विजयनगरस्थित प्रा.डा. भगवानदास मानन्धरले कागती फार्ममा प्रयोगमा ल्याएको काचाल्का सिँचाइ प्रविधि । लामो समयअघि अनुसन्धान गरी प्रयोगमा नआएको यो सिँचाइ प्रविधि प्रा.डा. मानन्धरले जागिर छोडेर किसानसमक्ष लैजानका लागि आफैं कृषिमा लागेर प्रयोगमा ल्याएका हुन् । *तस्बिरः रासस*

हप्तामा दुई दिन बिदा

# इन्धन खपत कम गर्न जनताको पनि योगदान चाहिन्छः निगम

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आयाल निगमले इन्धन खपतप्रति सचेत हुन उपभोक्तालाई आग्रह गरेको छ । मन्त्रिपरिषद्को आइतबार बसेको बैठकले आजदेखि शनिबार र आइतबार बिदा दिने निर्णयलाई उपाभोक्ताले सहयोग गर्नुपर्ने निगमका प्रवक्ता मनोज ठाकुरले बताए ।

'बिदा पायौं भनेर गाडी निकालेर घुम्न जानुभएन । जसरी भए पनि इन्धन खपत कम गर्ने हो । यसमा जनताको पनि योगदान चाहिन्छ,' प्रवक्ता ठाकुरले भने, 'अहिले निगमलाई प्रतिलिटरमा १२० रूपैयाँ घाटा भइरहेको छ । सरकारको इन्धन खपत कम गर्न बिदा दिने निर्णय सकारात्मक छ । उपभोक्ताले पनि खपतमा सचेत हुँदै अति आवश्यकबाहेकका क्रियाकलापमा इन्धन खपत गर्नु भएन ।'

पेट्रोलियम पदार्थको आपूर्ति संकट दिनप्रतिदिन बढ्दै गएपछि आइतबारको मन्त्रिपरिषद् बैठकले सोमबारदेखि लागू हुनेगरी सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थालाई दुई दिन बिदा दिने निर्णय गरेको हो । इन्धन खपत कम गर्न डिजेल तथा पेट्रोल प्रयोग गर्ने गाडीलाई विद्युतीय सवारीसाधन परिवर्तन गर्न कानुनी सुधार गर्ने सरकारको निर्णयबारे सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

निगमको तथ्यांकअनुसार देशभर हरेक दिन २५ लाख लिटर पेट्रोल र ५० लाख लिटर डिजेल खपत हुँदै आएको छ । निगमका प्रवक्ता ठाकुर सरकारको यो निर्णयले इन्धन संकट कम गर्न कति योगदान पुग्छ भन्ने यकीन गर्न आगामी एक हप्ता कुर्नुपर्ने बताउँछन् ।

'बजारको माग बुझ्न केही समय लाग्छ, तर यसको प्रभाव पक्कै देखिन्छ,' उनले भने, 'धेरै विद्यालय निजी छन् । तिनले सवारीसाधनबाट ठूलो मात्रामा इन्धन खपत भइरहेको छ । साथै एसइई परीक्षा जारी रहेकाले सवारीसाधनको प्रयोग अझै उच्च छ । परीक्षा सकिएपछि खपतको यकीन तथ्यांक आउछ ।'



## 'तत्कालका लागि सरकारको निर्णय ठीक छ'

शनिबार र आइतबार बिदा दिने सरकारको निर्णय तत्कालका लागि आवश्यक भएको अर्थशास्त्रीहरूको राय छ । तर दीर्घकालीन समाधान छिट्टै खोज्नपर्ने उनीहरूको सुझाव छ ।

अर्थशास्त्री इसान खरेल यो निर्णयलाई अपरिहार्य मान्छन् । उनले तत्काल थप अन्य उपाय अपनाउन आवश्यकता औंल्याए । 'अहिलेको अवस्थामा गर्नैपर्ने हो, अरु विकल्प छैन,' उनले भने, 'सरकारले इन्धनमा लिने कर केही प्रतिशत घटाउनुपर्छ । यसले उपभोक्तालाई राहत दिन्छ । तात्त्विक भिन्नता नदेखिन पनि सक्छ । थोरबहुत सहयोगी होला । थोरै भए पनि बचत होला ।'

अर्थशास्त्री खरेलले सार्वजनिक यातायातलाई प्रोत्साहन, विद्युतीय सवारीसाधनको विस्तार र भारतसँगको सीमा मूल्य मिल्नेगरी अतिरिक्त लागत कटौती गर्नुपर्ने सुझाव दिए । अर्का अर्थशास्त्री डा. सन्तोष अधिकारीले यो निर्णय तत्कालका लागि उचित भएको प्रतिक्रिया दिए । 'अहिलेको अभावको सन्दर्भमा यो ठिकै छ । यसले इन्धनमा केही सहज होला,' उनले भने, 'नेपालमा सरकारी बिदा पहिले नै धेरै छ । थप बिदाले अध्यापन र उत्पादकत्वमा नकारात्मक असर पार्नसक्छ ।'

एफएनसिसिआई निर्वाचन

# वस्तुगततर्फ घिमिरे समूहबाट उम्मेदवारी दर्ता

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई) को आगामी निर्वाचनका लागि वस्तुगततर्फ उपाध्यक्ष पदका उम्मेदवार शिवप्रसाद घिमिरेको समूहले उम्मेदवारी दर्ता गराएको छ ।

घिमिरेको समूहले वस्तुगततर्फका सबै क्षेत्रलाई समेटेर उम्मेदवारी दर्ता गराएको हो । वस्तुगत संघतर्फको कार्यकारिणी सदस्यमा डेरी तथा दुग्ध पदार्थ उत्पादन र प्रशोधन क्षेत्रबाट अरनिको राजभण्डारी, पोल्ट्री व्यवसायबाट रवीन पुरी, अलैंची उत्पादन तथा निर्यातबाट राजकुमार कार्की, बीउ-विजन क्षेत्रबाट वसन्तचन्द्र मरहट्ठाको उम्मेदवारी परेको छ । एफएनसिसिआईका अनुसार कृषि बजारीकरण क्षेत्रबाट सुनिता न्हेम्हाफुकी, पस्मिना उत्पादन तथा निर्यात क्षेत्रबाट धनप्रसाद लामिछाने, सौर्य ऊर्जा तथा बायोग्यास क्षेत्रबाट एबबहादुर थापा मगर, स्टक शेयर बजार क्षेत्रबाट धर्मराज सापकोटा र सिमेन्ट उत्पादन क्षेत्रबाट रघुनन्दन मारुको उम्मेदवारी दर्ता भएको छ ।

यसैगरी, प्लाइउड उत्पादन तथा निर्यात क्षेत्रबाट होमप्रसाद घिमिरे, फ्लोरिकल्चर उत्पादन क्षेत्रबाट राजेशभक्त श्रेष्ठ, खानेपानी उत्पादन तथा व्यवस्थापन क्षेत्रबाट ध्रुवबहादुर गौतम, टुरिजम तथा होटल व्यवसायबाट संघर्ष विष्ट, जुत्ता चप्पल उत्पादन क्षेत्रबाट नानीराज घिमिरे, यातायात तथा पारवहनबाट विश्वनाथ खनाल र इँटा उद्योगबाट कृष्णप्रसाद अवालले उम्मेदवारी दर्ता गराएका छन् । एफएनसिसिआईको ६०औं साधारणासभा तथा निर्वाचन यही चैत २९ र ३० गते काठमाडौंमा हुँदै छ ।

कर्पोरेट

## कलर एसेन्सको 'एनुअल डिस्ट्रिब्युटर मिट २०२६' सम्पन्न




**काठमाडौं (प्रस)–** प्रिमियम कस्मेटिक ब्राण्ड 'कलर एसेन्स' र स्किन केयर ब्राण्ड 'नेचर्स एसेन्स'को 'एनुअल डिस्ट्रिब्युटर मिट २०२६' सम्पन्न भएको छ । नेपालका लागि एसेन्सको आधिकारिक बिक्रेता एसएमके इन्टरप्राइजेज प्रालिको आयोजनामा भएको कार्यक्रममा देशभरका ३७ जना वितरकहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा कम्पनीको प्रगति समीक्षा, उत्कृष्ट वितरक तथा कर्मचारीलाई सम्मान र नयाँ उत्पादन सार्वजनिक गरिएको थियो । कार्यक्रमको उद्घाटन एसएमके इन्टरप्राइजेजका अध्यक्ष विश्व केसी र कम्पनीकी सबैभन्दा पुराना वितरक लक्ष्मी श्रेष्ठले संयुक्तरूपमा गरेका थिए । स्वागत मन्तव्य राख्दै कम्पनीका निर्देशक मणिकर्ण केसीले आगामी वर्ष थप उचाइमा पुग्ने कम्पनीको लक्ष्य रहेको बताए ।

कार्यक्रममा कम्पनीका कन्ट्री म्यानेजर रमेश उप्रेतीले यस वर्ष कम्पनीले हासिल गरेको अभूतपूर्व सफलता, समग्र सेल्स फिगर र प्रगतिको विवरण प्रस्तुत गरेका थिए । सोही अवसरमा कलर एसेन्सको नयाँ स्किन केयर उत्पादन 'ब्राइट एण्ड लाइट सनस्क्रिन' सार्वजनिक गरिएको थियो । कम्पनीक अध्यक्ष, निर्देशक र कन्ट्री म्यानेजरले संयुक्तरूपमा सो नयाँ उत्पादन सार्वजनिक गरेका हुन् ।

# पाँच किलोमिटर सडक स्तरोन्नति गर्न आठ वर्षपछि बल्ल बजेट

**तानसेन (पाल्पा)–** लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको पाल्पाको हार्थोक-बतासे सडकको अन्ततः स्तरोन्नतिको काम अगाडि बढेको छ । विगत आठ वर्षदेखि बजेट अभाव र सरकारी उदासीनताले अलपत्र परेको रामपुर-कपुरकोट सडकखण्डअन्तर्गतको यो सडकको अहिले स्तरोन्नतिको काम धमाधम अगाडि बढेको हो ।

प्रदेश सरकारले पाँच किलोमिटर सडक स्तरोन्नति गर्न बजेट विनियोजन गरी काम सुरु गरेको छ । यहाँ मार्ग खुलेको लामो समय हुँदासम्म सडक लथालिंग थियो । पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुँदा यात्रीलाई सास्ती हुन्थ्यो । बिरामी र गर्भवतीलाई निकै जोखिम थियो ।

पश्चिम पाल्पाका नागरिकको 'लाइफ लाइन'का रूपमा रहेको सडकखण्डलाई पक्की बनाउने हरेकपटक चुनावी नारा बन्थ्यो । तर, चुनाव सकिएपछि कहिल्यै टालो नफेरेको उक्त सडकखण्ड आठ वर्षपछि स्तरोन्नतिको काम सुरु भएपछि यहाँका नागरिकमा खुसीयाली छाएको छ । स्थानीयले पटक-पटक स्थानीय, प्रदेश र संघीय सरकारका जनप्रतिनिधिलाई ध्यानाकर्षण गराउँदै आए पनि काम हुनसकेको थिएन । अहिले काम अगाडि बढेपछि रैनादेवी छहराका पदम सोमै निकै खुसी हुनुहुन्छ । हिंड्नै मुस्किल हुने सडकको स्तरोन्नति हुन थालेपछि अब दुःखका दिन सकिने उनको आशा छ ।

'यहाँका नागरिक बिग्रँदो अवस्थाका सडकका कारण वर्षात्अगावै घरायसी सामानको जोहो मिलाउँथे । सडक पक्की बनेपछि त्यो अवस्था सकिने छ,' उनले भने । सडक स्तरोन्नतिपछि उत्पादित वस्तु बेचेर ग्रामीण क्षेत्रका किसानको आयआर्जनमा वृद्धि हुने रैनादेवी छहरा गाउँपालिका पूर्वजनप्रतिनिधि विष्णु पोखरेल बताउँछन् । उनी भन्छन्, 'सडक स्तरोन्नतिपछि ढुवानीका साधन पनि बारीबारीमै पुग्ने छन् । कुहिएर जाने तरकारी बजारमा पुग्ने छ । किसानले आफ्ना वस्तु सजिलै बजार पुऱ्याउने अवस्था आउने छ । किसानको उत्पादन गाउँमै राम्रो मूल्यमा बिक्री हुने छ ।' सडक सञ्जालले आममानिसलाई करेसाबारीमा फलेका तरकारी होस् या खेतबारीमा फलेको अन्न, बजार पुऱ्याउन सहज बनाउने पोखरेलको भनाइ छ ।

लामो समयको पर्खाइपछि आएको बजेटलाई कार्यप्रगतिमा रूपान्तरण गर्न स्थानीयवासी सक्रिय भएर लागेका छन् । सडक निर्माणका क्रममा आइपरेका समस्या पनि स्थानीयस्तरबाटै समाधानले काममा सहयोग भएको छ । सडक स्तरोन्नतिको काम गर्दा स्थानीयवासी, पालिकाका जनप्रतिनिधिहरूसँग समन्वय सहकार्य गरेर काम भइरहेको रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए ।

यस सडकखण्डमा अहिले सडक चौडा गर्ने, ठाउँ-ठाउँमा रिटेनिङ पर्खाल लगाउने, जग निर्माण गर्ने, बाटोको लेवल मिलाउने र नाली निर्माणका काम भइरहेका छन् । सडकको मापदण्डमा पर्ने दायाँ बायाँमा रहेको घरटहरा हटाएपछि कामले अझै गति लिने छ । सडक निर्माणका क्रममा आएका समस्यालाई आपसी छलफल, समन्वय र सहकार्यबाट समाधान गर्दै निधारित मितिमै काम सक्नेगरी कार्यालय लागिपरेको लुम्बिनी प्रदेश सडक यातायात पूर्वाधार निर्देशनालय बुटवलका वरिष्ठ इञ्जिनियर सूचना अधिकारी अरुण गुप्ताले बताए ।

सडक स्तरोन्नतिका लागि यातायात पूर्वाधार निर्देशनालय बुटवलले २०८४ असोज २६ भित्र सम्पन्न गर्नेगरी निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । सडक स्तरोन्नतिका लागि १६ करोड ३१ लाख १९ हजार रूपैयाँमा एमएस राजेश्वरी-रमानिया-आरएण्डआर जेभीले काम गर्दै आएको छ । निर्माणकार्य सम्पन्न गर्ने मितिभन्दा छ महिनाअघि नै सक्ने लक्ष्यका साथ काम भइरहेको निर्माण कम्पनीका साइड इञ्चार्ज अरुण ज्ञवालीले बताए ।

प्रदेश सरकारले २०७४ सालमै कर्णाली प्रदेशको सिमानादेखि गण्डकी प्रदेशको सिमाना जोड्ने गरी पाल्पाको रामपुरदेखि सल्यानको कपुरकोटसम्मको ३१० किलोमिटर दूरी निर्धारण गरी प्रदेशको गौरवको आयोजना घोषणा थियो । गौरवको सडक आयोजना घोषणा गरे पनि प्रदेशमा स्थिर सरकार नहुँदा यस सडकका लागि बजेट परेको थिएन । यो सडक पश्चिम पाल्पाको लाइफ लाइन भएकाले सडक निर्माण कार्य पूरा भएपछि जनजीवनमा परिवर्तनहरू देखिने लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले बताए । यो सडकले पाल्पाबाहेक अर्घाखाँची, प्यूठान, रोल्पा र सल्यानका बासिन्दालाई लाभ पुग्ने छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ